# बार्षिक प्रतिवेदन तथा रणनीतिक कार्ययोजना

## २०८१




## जिल्ला प्रशासन कार्यालय, ललितपुर

☎ { ५-५२११६५
{ ५-५२३०५१

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( ...................... फाँट)

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

मितिः२०८१।०५।०७
**ने.स. : ११४४ गुँलागा, ४ शुक्रबार**

## प्र.जि.अ.को मन्तव्य

प्रत्येक नागरिकको जीउ धनको सुरक्षा, राष्ट्रिय सुरक्षा, सुशासन र कानूनी शासनको अनुभूति गराउने, दैनिक प्रशासनिक/सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, जनमुखी र नागरिकको पहुँच सुनिश्चित गर्दै विकासका कार्यहरुमा सहजीकरण गर्नु गृह मन्त्रालय र मातहतका जिल्ला प्रशासन कार्यालयहरुको पहिलो कर्तव्य हो । गृह मन्त्रालयले मातहतका विभाग तथा कार्यालयहरुलाई आ-आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्न विभिन्न समयमा निर्देशन र परिपत्र गर्दै आएको छ । पछिल्लो एक दशक देखि गृह मन्त्रालयले सुशासन (संचालन तथा व्यवस्थापन) ऐन २०६४ को प्रावधान अनुसार दैनिक सेवा प्रवाह र विकास निर्माणका कार्यलाई कम लागत र समयमा लक्ष्य हासिल गर्न प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन सम्झौता गर्दै आएको छ । गृह सचिव र प्रमुख जिल्ला अधिकारी बीचको कार्यसम्पादन सम्झौताले जिल्लास्थित समग्र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने विश्वास लिएको छु । यसै अनुरुप जिल्ला प्रशासन कार्यालय ललितपुरले कार्यसम्पादन सम्झौतालाई केन्द्रविन्दुमा राखी सूचकका आधारमा कानूनहरुको पूर्ण पालना गरी सार्वजनिक सेवा प्रवाह गर्दै आएको छ, र आगामी दिनहरुमा समेत यस्ता कार्यहरुमा निरन्तरता दिने विश्वास लिएको छु ।

जिल्ला प्रशासन कार्यालय ललितपुरले आ.व.२०८०।२०८१ सम्म गरेका कार्यहरुको प्रगति सहित भावी कार्य योजना र सुधार गर्नुपर्ने क्षेत्र समेत समेटेर ललितपुर जिल्लाको रणनीतिक वार्षिक कार्ययोजना २०८१ तयार गरी प्रकाशनमा ल्याईएको छ । जिल्ला प्रशासनका हरेक गतिविधि तथा कार्यसम्पादनमा आ-आफ्ना सुझाव तथा पृष्ठपोषण दिनु हुने माननीय गृह मन्त्रीज्यू, संघीय सासदज्यू, श्रीमान् गृह सचिवज्यू, प्रदेश मन्त्री तथा सासदज्यू, स्थानीय तहका प्रमुख तथा उप-प्रमुखज्यूहरु, सुरक्षा निकाय, जिल्लास्थित सबै सरकारी कार्यालयका प्रमुख तथा कर्मचारीहरु, राजनीतिक दल, निजी क्षेत्र, गै.स.स., नागरिक समाज र सम्पूर्ण ललितपुरवासीहरुमा हृदय देखि नै आभार तथा धन्यवाद व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा ललितपुर जिल्लाको वार्षिक प्रतिवेदन तथा रणनीतिक कार्ययोजना २०८१ सबैका लागि प्रेरणाको श्रोत बन्न सकोस् । कार्ययोजना तयार गर्ने कार्यमा संलग्न सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृतहरु र यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत यस कार्यालयले नागरिकलाई केन्द्र विन्दुमा राखी प्रभावकारी सेवा प्रवाह गर्न सक्नेछ भन्ने विश्वास लिएको छु ।

मितिं २०८१ भाद्र ०७

तुलसी बहादुर श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

( ................................ फाँट)

☎ ५-५२११६५, ५-५२३०५१

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः२०८१।०५।०७
**ने.स. : ११४४ गुँलागा, ४ शुक्रबार**

## स.प्र.जि.अ.बाट धन्यवाद

गृह मन्त्रालय र मातहतका निकायहरुको कार्यसम्पादनस्तरमा सुधार ल्याउन गृह मन्त्रालयले गृह सुधार कार्ययोजना सहित मातहतका निकायका प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गर्दै आएको छ । विभिन्न कानून तथा कार्यसम्पादन सम्झौताका आधारमा जिल्ला प्रशासन कार्यालय ललितपुरको कार्यसम्पादनस्तरलाई प्रभावकारी तथा नागरिकमुखी वनाउन आ.व.२०८१।२०८२ को लागि वार्षिक कार्ययोजना र अन्य क्षेत्रगत योजना कार्यान्वयनमा ल्याएको छ । यस कार्यमा विभिन्न श्रोत तथा व्यक्तिहरुबाट सूचना संकलन गरिएको छ । गत आ.व.मा सम्पादन गरिएका कार्यहरुको स्थितिलाई तथ्य तथ्याङ्क र तस्बीरहरु सहित अभिलेखित गर्ने कोशिस गरिएको छ। शान्ति सुरक्षा व्यवस्थापन, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई प्रभावकारी, नतिजामुखी र कम लागतमा सम्पादन गर्न विगतका अनुभव र आगामी दिनको कार्ययोजना पथप्रदर्शक बन्ने विश्वास लिएका छौ । जिल्ला प्रशासन कार्यालयका हरेक जिम्मेवारीमा गृह मन्त्रालय, जिल्लास्थित कार्यालयहरु र अन्य सबै सरोकारवाला निकायहरुबाट सधै साथ सहयोग प्राप्त हुदै आएको छ । यस वार्षिक प्रतिवेदन तथा रणनीतिक कार्ययोजना तयारीमा साथ सहयोग दिनु हुने प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत र यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु ।

मिति २०८१ भाद्र ०७

कल्पना घिमिरे नेपाल
सहायक प्रमुख जिल्ला अधिकारी
**सहायक प्रमुख जिल्ला अधिकारी**

# विषयसूची


१. ललितपुर जिल्लाको संक्षिप्त परिचय ....1
२. जिल्ला प्रशासन कार्यालय ललितपुरको संक्षिप्त परिचयः ....5
२.३. जिल्ला प्रशासन कार्यालय ललितपुरबाट सम्पादित कार्यहरु ....9
३जिल्ला प्रशासन कार्यालय ., ललितपुरबाट सम्पादन भएका सिर्जनशील कार्यहरुः ....31
४इलाका प्रशासन कार्याल .यको सेवा प्रवाह सुदृढीकरण ....32
५ .कारागार व्यवस्थापन सम्बन्धीः ....32
६. मनोसामाजिक तथा अपाङ्गबन्दी अस्पतालः ....34
७प्रदेश सरकार तथा स्थानीय तहहरुसँगको समन्वय . ....34
८ .गृह मन्त्रालयबाट गरिएका निर्देशन तथा परिपत्र र कार्यसम्पादन सम्झौताको कार्यान्वयन ....36
९जिल्लास्थित सुरक्षा न .िकायहरु सम्बन्धी ....37
१०जिल्लास्थित सरकारी कार्यालय तथा कार्यालय प्रमुखहरुको सम्पर्क नम्बर . ....40
११ललितपुर जिल्लामा संचालित राष्ट्रिय गौरव तथा रणनीतिक आयोजनाहरु . ....42
१२. विपद् व्यवस्थापन तथा अन्य कार्यमा सहयोगी संस्था तथा निजी क्षेत्र ....43
१३. प्रतिनिधी सभा, प्रदेश सभा र समानुपातिक निर्वाचन प्रणालीवाट निर्वाचित सदस्यहरु ....43
१४. ललितपुर जिल्लाका स्थानीय तहका प्रमुख, उपप्रमुखहरुको नामथर-, सम्पर्क नम्बरः ....45
१५. एम्बुलेन्स, ब्लड वैक, दमकल, शब वाहन सम्बन्धी विवरण ....45
१६ .बार्षिक प्रतिवेदन तथा रणनीतिक कार्ययोजना २०८१ सार्वजनिक कार्यक्रमको झलक ....48

## १. ललितपुर जिल्लाको संक्षिप्त परिचय

काठमाडौ उपत्यकाभित्र रहेका तीन जिल्लाहरूमा ऐतिहासिक तथा पुरातात्विक रूपले सम्पन्न ललितपुर जिल्ला हो। ललितपुर जिल्ला भौगोलिक, ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक रुपमा आफ्नो गौरवमय प्रतिष्ठाबाट परिचित छ। विश्वसम्पदा सूचीमा सूचिकृत पाटन दरवारक्षेत्र लगायतका अन्य मठ, मन्दिर, पाटी-पौवा र स्तम्भहरूले विश्वमा नै ललितपुरको प्रख्याति बढाएको छ। यस जिल्लाको भौगोलिक बनावट, हावापानी, वन-जङ्गल, नदी-नाला, पशुपन्छीहरुको विविधताको कारण बसोवासको हिसाबले उत्कृष्ठ मानिन्छ। ललितपुरलाई विभिन्न पक्षबाट देहाय बमोजिम उल्लेख गर्ने कोशिस गरिएको छ।




ललितपुर जिल्लाको नक्शा

## क. ललितपुर जिल्लाको भौगोलिक तथा जलवायु स्थिति

नेपालको मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७ डिग्री २२ मिनेट देखि २८ डिग्री ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्री १४ मिनेट देखि ८५ डिग्री २६ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । यो जिल्ला समुद्री सतह देखि ४५७ मिटर उचाई देखि २८३१ मिटरसम्म रहेको छ । यस जिल्लाले नेपालको करिब ०.२६६% भू-भाग ओगटेको छ । यस जिल्लाको भु-धरातल मध्ये करिब एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ । जिल्लाका दुर्गम स्थानहरूमा ठुलादुर्लुङ, कालेश्वर, प्युटार, माल्टा, आश्राङ, गिम्दी, चन्दनपुर आदी पर्दछन् । ललितपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौ, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लासँग सिमाना जोडिएको छ । यस जिल्लाको कुल क्षेत्रफल ३८५ वर्ग कि. मी. मध्ये भू-उपयोगको दृष्टिकोणमा कृषियोग्य क्षेत्रफल १४७.६२ वर्ग कि. मी., वनजङ्गलले ढाकिएको भू-भाग १९७.९७ वर्ग कि. मी. र बाँकी भाग चरन, झाडी तथा घाँसले ढाकिएको छ । यस जिल्लाको खाध्यान्न बालीहरूमा धान, मकै, गहुँ, कोदो, फापर, जौ, भटमास, केराउ, आलु र फल-फुल बालीमा स्याउ, ओखर, नासपती, सुन्तला, केरा, कागती, कफी आदिको खेती गरिन्छ । यहाँको वन जङ्गलमा साल, सिसौ, उत्तिस, चिलाउने, कपुर, काइँयो, पैयुँ, कटुस, बाँस, निगालो आदि वनस्पती पाइन्छन् भने वन्यजन्तुमा बाघ, भालु, बनेल, मृग, हरिण, चितुवा जस्ता जनावर लगायत नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर (Spiny Babblar), कालिज, तित्रा, भद्राई, बट्टाई, ढुकुर जस्ता पंक्षीहरू रहेका छन् । ललितपुर जिल्लाको औसत अधिकतम तापक्रम २३.६ डिग्री सेल्सियस छ भने न्युनतम तापक्रम १०.७ डिग्री सेल्सियस रहेको छ। यस जिल्लाको वार्षिक वर्षा सरदर १२३२.६ मिलिमिटर रहेको छ। यस जिल्लाको हावापानी समशितोष्ण किसिमको रहेको छ।

## ख. जनसंख्यिक बनौट

राष्ट्रिय जनगणना २०७८ अनुसार ललितपुर जिल्लाको कुल जनसंख्या ५४३३११ रहेको छ भने पुरुष २७१४३९ र महिला २७१८७२ रहेको छ । जस अनुसार ललितपुर जिल्लाको स्थानीय तह अनुसार जनसंख्या निम्न रहेको छ ।

| सि.नं. | स्थानीय तह | कुल जनसंख्या | पुरुष जनसंख्या | महिला जनसंख्या |
|---|---|---|---|---|
| १ | ललितपुर महानगरपालिका | २९४०९८ | १४६७३० | १४७३६८ |
| २ | महालक्ष्मी नगरपालिका | १२३११६ | ६२३९९ | ६०७१७ |
| ३ | गोदावरी नगरपालिका | ९७६३३ | ४८१४० | ४९४९३ |
| ४ | वागमती गाउँपालिका | ११३५३ | ५७०० | ५६५३ |
| ५ | कोन्ज्योसोम गाउँपालिका | ८९८९ | ४३९८ | ४५९१ |
| ६ | महाँकाल गाउँपालिका | ८१२२ | ४०७२ | ४०५० |
| | **कुल जनसंख्या** | **५४३३११** | **२७१४३९** | **२७१८७१** |

## ग. ललितपुर जिल्लाको ऐतिहासिक तथा पर्यटकीय पक्षः

यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि हेर्दा लिच्छवीकालमा यसलाई यूपग्रामद्रङ्ग भनिन्थ्यो । लिच्छवीकालमा जनता प्रायः एकै ठाउँमा गुजमुच्चिएर नबसी विभिन्न स्थानमा छरिएर ग्रामहरू बनाएर बसोवास गर्ने गर्दथे । ग्रामहरु जोड्ने मूल सडक बिच-बिचमा मान बिहार आदि अनेक प्रसिद्ध विहारहरू बनाएका थिए । पछि यी ग्रामहरू र बिहारहरूसंगै गांसिएपछी एक

शहरको रूप लियो। पहिलेका ग्रामहरू पछि टोलको रूपमा परिणत भए। ठूल-ठूला कमलपोखरीहरू धारा पाटीपौवा उद्योग व्यवसाय आदिले गर्दा रमणीय शहरको रूपमा परिणत भएपछि यसलाई ललितपुरको नामाङ्करण गरेको हो भन्ने पाइन्छ।

त्यस्तैगरी पौराणिक कथाअनुसार एक समय उपत्यकामा १२ वर्षसम्म जलबृष्टि नभै सुख्खा परेको हुनाले त्यसबाट छुटकारा दिलाउन मत्स्येन्द्रनाथले मात्र सक्ने भन्ने निधो भएपछि भक्तपुरका राजा, कान्तिपुरका आचार्य र ललितपुरका एक कृषक ज्यापु भारतका आसाम प्रदेशको कामारुकामक्षमा गई साधनाको बलले उपत्यकामा ल्याएको मत्स्येन्द्रनाथलाई कुन नगरमा स्थापित गर्ने भन्ने विषयमा तिनवटै नगर बिच मतभेद हुँदा तिन नगरको सबैभन्दा बयोवृद्ध जो छ त्यसलाई निर्णय गराउने निधो भएछ। त्यस अनुसार ललितपुरका ललित भन्ने एक कृषक बढी उमेर भएकोलाई ७ ओटा ओखलमाथि चढाई उपस्थित जनसमूहलाई निर्णय सुनाउन लगाउँदा उनले भक्तपुरका राजा तथा कान्तिपुरका आचार्यको भूमिका समेत वास्ता नगरी मत्स्येन्द्रनाथ बोकेर ल्याउने मानिस ललितपुरको भएकोले सोही व्यक्तिको नाममा नगरमा स्थापित गर्नुपर्दछ भनी निर्णय दिएको र सातैवटा ओखल सहित निज वृद्ध मानिस भांसिएको हुनाले उक्त स्थानलाई ललितपत्तन भन्ने नामांकरण गरिएको थियो। कालान्तरमा सोही ठाउँको नामवाट ललितपुर तथा पाटन भन्ने नामाङ्करण गरेको पाईन्छ। त्यस्तै गरी अर्को किम्बदन्ती अनुसार ललितारण्य भन्ने वन फाँडेर वस्ती विकास गरिएको हुनाले यस नगरलाई ललितपुर भनिएको हो भन्ने पाईन्छ।

काठमाडौ उपत्यकाको प्रसिद्ध तीन शहरहरू मध्ये ललितपुर सवभन्दा पुरानो शहर हो। यस शहरलाई प्राचिन कालदेखि हालसम्म समय अनुसार विभिन्न नामले चिनिदै आएको छः जस्तै यल, युपग्राम, ललितपत्तन, ललितपुरी, मानिङ्गल, पाटन आदि। साहित्यिक श्रोत र जनश्रुतिअनुसार ललितपुर शहर किरातकालमा नै स्थापना भैसकेको थियो र ललितपुरको अर्को नाम यल पहिलो किराती राजा यलम्बरको नामबाट राखिएको हो भन्ने जनविश्वास छ। यहाँको रीतिरिवाजले पनि ललितपुर शहरसँग किराँतहरूको प्राचिन सम्वन्ध देखाउन सहयोग गर्दछ। उदाहरणको रुपमा क्वालखु स्थित पट्को डोँ (किरात दरवार), ८०० किराती मारिएको ठाउँ भनि चिनिने च्यासल, हालसम्म पनि किरातिहरू वर्षको एकपटक आई पूजा गर्नु पर्ने त्यागल स्थित सिद्धिलक्ष्मी मन्दिरको परिसरमा रहेका देवताहरू, तिखिदेवल स्थित शिवजीको मन्दिर आदिले किराँत र ललितपुरको प्राचिन सम्वन्ध थियो भन्ने प्रष्ट हुन्छ।

ऐतिहासिक दस्तावेज तथा कलाकौशलका आधारमा भारतका मौर्य सम्राट अशोकले इ.पू. २५० तिर काठमाडौ उपत्यकाको भ्रमण गरेको र उनले ललितपुरको चारकुनाको चार र विचमा एक समेत गरेर पाँच स्तूपको स्थापना गरेको कुरा इतिहासमा पढ्न पाईन्छ। हालसम्म पनि ललितपुरको चारदिशामा चारवटा प्राचीन स्तुपाहरू रहेका छन, जुन अशोक स्तुपाको नामले प्रख्यात छ। यसै गरी पूर्व दिशामा दीपावती नगर (गईट) दक्षिण दिशामा मतीनगर (लगनखेल), पश्चिम दिशामा शिलापुर दानागिरि (पुल्चोक), उत्तर दिशामा ललितारण्य (कुम्भेश्वर) र मध्य भागमा स्वस्तिक आकारको मगलबजार रहेका छन्। त्यस्तैगरी पूर्व दिशामा श्री बालकुमारी, दक्षिण दिशामा बटुकभैरव र श्रीमहालक्ष्मी, पश्चिम दिशामा खड्गयोगिनी र उत्तर दिशामा चामुण्डादेवी रहेका छन्। लिच्छवी कालका पुरातात्विक श्रोतहरू अभिलेख, मूर्ति, ढुङ्गेधारा, जलद्रोणी आदिमा भेटिएका प्रमाणहरुले लिच्छविकालमा ललितपुर पूर्ण रूपमा विकास भै सकेको बुझिन्छ। यहाँ रहेका लिच्छविकालिन शिलालेख, च्यासलको गजलक्ष्मी, हौगलको हारती, बगलामुखिको मातृकाहरूको मूर्ति, सिकुबहीको उमामहेश्वर, चण्डेश्वरी मन्दिर अगाडीको उमामहेश्वरको मूर्ति, खपिँछे भैरब मन्दिरको परिसरमा रहेको शिलालेखले ललितपुर पर्यटकीय रुपमा समेत लिच्छविकाल देखि नै अग्रस्थानमा रहेको देखाउँदछ। इतिहासमा मात्र नभई आजको आधुनिक समयमा पनि ललितपुर City of fine Arts को नामले चिनिन सफल भएको छ।

## घ. सामाजिक तथा साँस्कृतिक पक्ष

ललितपुरमा विभिन्न जातजाती, भाषा भाषी र धर्मसंस्कृतीका समुदायहरुको बसोवास रहेको छ। मुख्यतः शहरी क्षेत्रमा नेवार समुदायको बसोवास रहेको छ भने ग्रामीण इलाकामा तामाङ, दलित, ब्राह्मण, क्षेत्री र अन्य जनजातीहरुको वसोवास रहेको छ। भाषा संस्कृतिको हिसावले सम्पन्न रहेको ललितपुरमा हिन्दु, वौद्ध, इस्लाम र मुस्लिम धर्मावलम्बीहरूले पर्वविशेषका आधारमा आ-आफ्ना परम्पराहरु संरक्षण र सम्बर्द्धन गर्दै आएका छन्। यस क्षेत्रमा कृष्णमन्दिर, कार्यविनायक मन्दिर, बंगलामुखी मन्दिर, बटुकभैरव मन्दिर सन्तानेश्वर मन्दिर, बज्रवाराही मन्दिर, विशंखुनारायण मन्दिर, टिकाभैरव मन्दिर, महालक्ष्मी नगरपालिकामा रहेको महाभैरव मन्दिर र अशोकस्तुपा, गोटीखेलको वैतर्णीधाम मन्दिर र कालेश्वर मन्दिरहरु धार्मिक तथा पर्यटकीय हिसावले प्रसिद्ध रहेका छन्। त्यस्तै गरी यहाँ बौद्ध विहार, मस्जिद र गिर्जाघर समेत रहेका छन्।

## ङ. यातायात तथा पूर्वाधार पक्ष

यस जिल्लाको प्राय जसो वडास्तरसम्म सडक सञ्जालको विस्तार भई यातायातको सुविधा पुगेको छ। ललितपुर महानगरपालिका जिल्लाको सदरमुकाम र मुख्य शहरी क्षेत्र भएकोले लगनखेलवाट सबै स्थानीय तह र यस जिल्लासँग सीमाना जोडिएका जिल्लाहरुमा छोटो तथा लामो दुरीका सार्वजनिक यातायातहरु सञ्चालन हुदै आएका छन्। पछिल्लो समय तराई मधेशसँग जोडने राष्ट्रिय गौरवका आयोजना Fast Track, कान्तिलोकपथ, करिडोर सडक र विद्युत प्रशारण आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने बालकुमारी देखि सानेपासम्मको रिङ्गरोड स्तरोन्नतीको अवस्थामा रहेको छ। यस जिल्लाको दक्षिण क्षेत्र भौगोलिक रुपमा विकट रहेकोले नयाँ स्थानीय सडकहरुको ट्र्याक खोल्ने कार्य भईरहेको छ। पूर्णरुपमा कालोपत्रे नभईसकेका सडकहरुमा हिउँदमा सवारी साधन चल्ने र वर्षायाममा बर्षातका कारण बाढी पहिरोले यातायातमा अवरोध उत्पन्न हुने गरेको छ। यस जिल्लामा १२२ किलोमिटर कालोपत्रे सडक रहेको छ भने १२० किलोमिटर ग्राभेल सडक र करिव २३० किलोमिटर कच्ची सडक गरी जम्मा ४७२ किलोमिटर सडक रहेका छन्। यस जिल्लामा पक्की पुल १२, अन्य झोलुङ्गे पुल ३० रहेका छन्।

## च. आर्थिक तथा व्यवसायी पक्षः

ललितपुर जिल्लाले उद्योग, व्यापार तथा व्यवसाय, शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा उल्लेख्य योगदान गरेको पाईन्छ। यहाँ करिव चार दशकको पृष्ठभूमी बोकेको पाटन औधोगिक क्षेत्रमा हालपनि ३०० जति उद्योग कलकारखाना रहेका छन्। ललितपुर महानगरपालिकाको अन्य क्षेत्रहरुमा घरेलु, साना मझौला गरी १५०० भन्दा बढी उद्योगहरु सञ्चालनमा रहेका छन्। महालक्ष्मी नगरपालिका र गोदावरी नगरपालिकामा समेत यस्ता उद्योगहरु विकास तथा विस्तार हुदै गएका छन्। ग्रामीण क्षेत्रमा बढदै गएको वित्तीय सचेतनाको कारण कृषि उत्पादनमा आधुनिक उपकरण तथा प्रविधिको प्रयोग हुन थालेको छ। सरकारी तथा सार्वजनिक मात्र नभई निजी क्षेत्रले समेत शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उल्लेख्य मात्रामा लगानी गरेको छ। रोजगारीका अवसर सिर्जनामा सार्वजनिक लगायत निजीक्षेत्रहरुले वर्षेनी उल्लेख्य संख्यामा लगानी वृद्धि गर्दै लगेको पाईन्छ। व्यवसाय गर्न सकिने वातावरण, सुविधा तथा रोजगारीका कारण उपत्यका बाहिरका मानिसहरुको वसाई-सराईको आर्कषण बिन्दुको रुपमा समेत ललितपुर जिल्ला रहेकोछ।

## छ. ललितपुर जिल्लाको प्रशासनिक व्यवस्था

- प्रदेश - बागमती
- जिल्ला - ललितपुर
- सदरमुकाम - पाटन

- महानगरपालिका - ललितपुर महानगरपालिका -१
- नगरपालिका - २
- गाउँपालिका -३
- संसदीय निर्वाचन क्षेत्र - ३
- प्रदेश सभा निर्वाचन क्षेत्र – ६

## २. जिल्ला प्रशासन कार्यालय ललितपुरको संक्षिप्त परिचयः

स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम ललितपुर जिल्लाको शान्ति सुरक्षा अमनचयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ वि.सं २०२३ सालमा स्थापना भई निरन्तर रुपमा संचालन हुँदै आएको निकाय जिल्ला प्रशासन कार्यालय ललितपुर हो । मुख्यतया यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ ले निर्दिष्ट गरेका गृह प्रशासनका सम्पूर्ण अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । जसमा संघ, प्रदेश र स्थानीय तहहरु बीच समन्वय, सुरक्षा प्रवन्ध, अपराध रोकथाक तथा नियन्त्रण, दैनिक रुपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना दर्ता तथा नविकरण, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागुऔषध नियन्त्रण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपुर्ति तथा बजार अनुगमन, विकास योजना कार्यान्वयनमा सहजीकरण, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक कार्यहरु सम्पादन गर्दै आएको छ ।






जिल्ला प्रशासन कार्यालय, ललितपुरको प्रशासनिक भवन

**जिल्ला प्रशासन कार्यालय ललितपुरमा कार्यरत कर्मचारीहरुको विवरणः**

| सि.न. | नाम थर | पद | श्रेणी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुलसी बहादुर श्रेष्ठ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | ९८५१२२७७७७ | |
| २ | कल्पना घिमिरे नेपाल | स.प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | ९८५१३१४८३३ | |
| ३ | हरिचन्द्र बुढा | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ९८५७८२४७७३ | |
| ४ | सुजन फागो लिम्बु | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ९८५१३५९३०२ | |
| ५ | प्रदिप राई | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ९८५१२१४८५१ | |
| ६ | विजय राज पौडेल | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ९८५१२४३४६५ | |
| ७ | लक्ष्मण पौडेल | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८४२०७८९४८ | |
| ८ | रमेश नेपाल | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८५१०९०५६५ | |
| ९ | मञ्जु ओझा गुरागाई | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८६०९८२७०२ | |
| १० | अमृत बहादुर बुढा | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८४८०८०१३१ | |
| ११ | दिपक प्रसाद अधिकारी | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८५१२४३७११ | |
| १२ | देवकी आचार्य | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८४४८५२७५० | |
| १३ | मिना दाहाल | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८४१४४२५५५ | |
| १४ | आत्माराम थापा | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८४१३६५९२८ | |
| १५ | श्याम कुमार खड्का | लेखापाल | रा.प.अनंकित प्रथम | ९८४९२४११९१ | |
| १६ | रेबिका घिमिरे | नायब सुब्बा | रा.प.अनंकित प्रथम | ९८२८०४४६३० | |
| १७ | तोय नारायण तिवारी | कम्प्यूटर अपेटर | रा.प.अनंकित प्रथम | ९८४१३९७८३२ | |
| १८ | रामबहादुर रावल | कम्प्यूटर अपेटर | रा.प.अनंकित प्रथम | ९८४९१६४५२९ | |
| १९ | असिम के सी | कम्प्यूटर अपेटर | रा.प.अनंकित प्रथम | ९८४०८८४१०२ | |
| २० | दीपक खनाल | खरिदार | रा.प.अनंकित द्धितीय | ९८४१६१२७८४ | |
| २१ | सूर्य भक्त कक्षपति | खरिदार | रा.प.अनंकित द्धितीय | ९८५११२४२८२ | |
| २२ | करन सिंह धामी | खरिदार | रा.प.अनंकित द्धितीय | ९८६८७७७७७० | |
| २३ | रुम बहादुर खड्का | खरिदार | रा.प.अनंकित द्धितीय | ९८५१२२९५१७ | |
| २४ | पुनम गुरुङ्ग | कम्प्यूटर अपरेटर | रा.प.अनंकित प्रथम | ९८४३५६८३३१ | |
| २५ | सरु गुरुङ | कम्प्यूटर अपरेटर | रा.प.अनंकित प्रथम | ९८१५१३२७३६ | |
| २६ | सन्तोष शर्मा | प्रहरी हवल्दार | | ९८४५०२२५० | |
| २७ | पुजा कुमारी चौधरी | प्रहरी जवान | | ९८६३६०४४९८ | |
| २८ | हिक्मत कुमार नगरकोटी | ह.स.चा | श्रेणी विहिन | ९८४१३५९३४९ | |
| २९ | महेश श्रेष्ठ | ह.स.चा | श्रेणी विहिन | ९८४१६५१३८१ | |
| ३० | गोमा मैनाली | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४१८००८५४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | प्रमिला उप्रेती | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४१४४३७७३ | |
| ३२ | रविन खाती | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४०८९६३४३ | |
| ३३ | मनोज केसी | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६०८७३६३४ | |
| ३४ | दिल कुमारी कार्की | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८१६७३०११९ | |
| ३५ | पार्वती थापा के.सी | कार्यालय सहयोगी | श्रेणी विहिन | | |

# जिल्ला प्रशासन कार्यालय ललितपुरको स्वीकृत संगठन संरचना र दरवन्दी



## २.३. जिल्ला प्रशासन कार्यालय ललितपुरबाट सम्पादित कार्यहरु

जिल्ला प्रशासन कार्यालय ललितपुरले हरेक वर्ष वार्षिक कार्ययोजना वनाई नियमित रुपमा प्रवाह गर्दै आएको छ। आ.व.२०८१।२०८२ को वार्षिक कार्ययोजना **अनुसूची-१** मा उल्लेख गरिएको छ भने आ.व.२०८०।२०८१ मा सम्पादन भएका कार्यहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### २.३.१. प्रशासनिक गतिविधि

जिल्लाको समग्र शान्ति सुरक्षा लगायत विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यवस्था, सरकारी सवारी साधनहरुको सञ्चालन अनुमति, पेन्सनरहरुको पारिवारिक विवरण, छापाखाना/पत्रपत्रिका दर्ता, संस्था दर्ता तथा नविकरण, हातहतियार नामसारी तथा नविकरण, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन निरीक्षण, सि.सि. क्यामरा जडान तथा सञ्चालन अनुमति, ड्रोन उडान अनुमती, निजी सुरक्षा कम्पनीहरुको सञ्चालन अनुमती, पुर्नस्थापना केन्द्रहरुको अनुगमन र मासिक रुपमा कार्यालय प्रमुखहरुको वैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्बन्धी कार्य प्रशासन शाखाबाट सम्पादन हुँदै आएको छ। जिल्ला प्रशासन कार्यालयवाट सम्पादन हुने सबै कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक सहायता कक्ष र सेवा प्रवाहको नक्साङ्कन समेत गरिएको छ।




सेवाग्राही सहायक कक्ष




सेवा प्रवाहको म्यापिङ्ग

### २.३.२. शान्ति सुरक्षा तथा अपराध नियन्त्रणः

जिल्ला प्रशासन कार्यालय ललितपुरले जिल्लाको शान्ति सुरक्षा व्यवस्थापन र जिल्ला भ्रमणमा आउनु हुने अति विशिष्ट व्यक्ति तथा कुटनैतिक पदाधिकारीको आगमनका आधारमा जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राख्दै आएको छ। जिल्लाको शान्ति सुरक्षालाई मर्यादित, विश्वसनीय र व्यवस्थित बनाउने उद्देश्यले जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना तयार

गरी कार्यान्वयनमा ल्याईएको छ । साथै, सुरक्षा योजनालाई वार्षिक रुपमा अध्यावधिक समेत गरिएकोछ । मुख्य गतिविधिहरु देहाय बमोजिम रहेको छन् ।

- जिल्लाको सुरक्षा व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्ने गरी सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकायका अधिकृत प्रतिनिधिहरु रहने गरी देहाय बमोजिम सुरक्षा विश्लेषण उप-समिति गठन गरिएको र उपसिमितिले सुरक्षा संवेदनशिलताका आधारमा एकीकृत सुरक्षा योजना तयार गरी जिल्ला सुरक्षा समिति समक्ष पेश गर्ने गरेको ।

  देहायः

  संयोजक, सहायक प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय ललितपुर

  अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी परिसर ललितपुर,

  अधिकृत प्रतिनिधि, राजदल गण लगनखेल ललितपुर,

  अधिकृत प्रतिनिधि, सुर्यदल गण लेले ललितपुर,

  अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल नं.२१ गण, हे.क्वा दक्षिणकाली, ललितपुर,

  अधिकृत प्रतिनिधि राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ललितपुर ।

- ललितपुर जिल्लाभित्र विभिन्न व्यक्ति तथा समूहबाट भइरहेका विरोधजन्य प्रदर्शन र सोसँग सम्बन्धित अन्य सुरक्षा चुनौती समेतलाई मध्येनजर गरी अतिविशिष्ट व्यक्ति, विशिष्ट व्यक्ति र राजनीतिक दलका नेता, व्यवसायी, उच्च ओहोदाका कर्मचारीमाथि हुन सक्ने आक्रमण, महत्वपूर्ण प्रतिष्ठानहरु, सार्वजनिक तथा सरकारी सवारी साधन, सार्वजनिक सम्पत्तिको तोडफोड र आगजनी हुनेसक्ने अवस्था समेतलाई ध्यान दिई सबै सुरक्षा निकायले सुरक्षा योजना बनाई नियमित रुपमा गस्ती, पेट्रोलिङ, पिकेटिङ र चेकजाँच बढाई अपराध नियन्त्रण गर्न संयन्त्र परिचालन गरिएको छ । सूचना संकलनलाई प्रभावकारी बनाउन सबै ईकाइहरुमा स्थायी सम्पर्क नम्वरको व्यवस्था गरिएको छ ।
- विभिन्न निकायहरुलाई अध्ययन अनुसन्धान तथा डकुमेन्ट्री निर्माण गर्न पुरातात्विक क्षेत्र र सुरक्षा संवेदनशीलतालाई असर नपर्ने गरी ड्रोन उडान सहमती उपलव्ध गराउने गरिएको ।
- रोजगार अनुमति प्रणाली (EPS) मार्फत नेपाली कामदार दक्षिण कोरिया पठाउने सम्बन्धमा रिटर्नीहरुबाट समय समयमा गुनासोहरु आइरहेको साथै ई-कोरिया शाखाको सुरक्षा व्यवस्थाका लागि सुरक्षा संयन्त्रको परिचालन गरिएको छ ।
- देशका शहरी क्षेत्र, शहर उन्मुख क्षेत्र तथा अन्य जनुसुकै स्थानमा अबैध मदिरा उत्पादन तथा विक्री वितरण, जुवातास र ठगी जस्ता गतिविधिलाई कडाईका साथ नियन्त्रण गर्न नियमित रुपमा अनुगमन गर्दै आएको र यस्ता गतिविधिहरुमा संलग्न व्यक्तलाई कानूनी दायरामा ल्याईएको छ ।
- उपत्यकाभित्र विभिन्न राष्ट्रका कुटनैतिक नियोगहरुबाट हुने वैठक तथा भ्रमण कार्यक्रमलाई अन्तरजिल्ला समन्वय तथा सहकार्य गरी प्रोटोकल अनुसार त्रुटीरहित सुरक्षा व्यवस्था मिलाउने गरिएको छ ।



कोन्ज्योसोम गाउँपालिकामा अति विशिष्ठ व्यक्तिको सुरक्षामा



सुरक्षा समितिको वैठक पश्चात पदाधिकारीहरु कार्यालय परिसरमा

### २.३.३. नागरिकता

नागरिकतालाई नागरिकको राजनैतिक अधिकारसंग जोडेर हेरेको पाइन्छ । यसैका आधारमा नागरिकले राज्यबाट प्रदान गरिने विभिन्न सेवा सुविधा र अवसर समेत प्राप्त गर्दछन् । तसर्थ, नागरिकताको अभिलेखलाई व्यवस्थित बनाउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय ललितपुरले नागरिकता प्राप्त गर्दा नागरिकले पेश गरेको अनुसूची फारमलाई स्क्यान गरेर दैनिक रुपमा बिद्युतिय अभिलेख राख्न शुरु गरेको छ । विगतमा वितरण गरिएका नागरिकताहरु हराएमा, झुत्रो भएमा, सम्बन्धित व्यक्तिले निवेदनका साथ पेश गरेका आवश्यक कागजातहरुको आधारमा जिल्ला प्रशासन कार्यलयले माग बमोजिम नागरिकताको प्रतिलिपी वा नयाँ प्रक्रियाबाट नागरिकता  वितरण गर्दै आएको छ । जिल्ला प्रशासन कार्यालय ललितपुरले चालु आ.व.को असारमसान्तसम्म ५५४४ जनालाई नागरिकता वितरण गरेको छ । यसका साथै नेपाली नागरिकका सन्ततिहरुलाई १६ वर्ष पुग्न अगावै जन्मदर्ताका आधारमा नाबालक परिचयपत्र दिने गरिएको छ । हाल नागरिकता ऐन २०६३ (संशोधन २०७९ पश्चात) ले गैरआवासीय नेपालीहरुले नेपाली नागरिकता परित्याग गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने प्रावधान राखेसँगै  जिल्ला प्रशासन कार्यालयले गैरआवासीय नेपाली नागरिकता जारी गर्दै आएको छ ।

**यस कार्यालयबाट प्रवाह हुने सेवाहरुको विगत पाँच वर्षको अवस्थाः**

| आ.व. अवधि | नयाँ नागरिकता | प्रतिलिपि नागरिकता | नाबालक परिचयपत्र | नेपाली नागरिकता परित्याग | गैर आवासीय नेपाली नागरिकता |
|---|---|---|---|---|---|
| २०७६ | ५१९२ | २२२७ | ८८३ | ६ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७ | ४७४७ | ३०५५ | १७६ | ४ | ० |
| २०७८ | ६३३९ | ३५३६ | २०५ | १४ | ० |
| २०७९ | ६१३५ | ६२६३ | १०१० | १३ | ० |
| २०८० | ५५४४ | ४३६० | १३०७ | १६५ | २८७ |
| **जम्मा** | **२७९५७** | **२०५५१** | **३५८१** | **२०२** | **२८७** |

कार्यालयमा उपस्थित भई सेवा लिन नसक्ने जेष्ठ नागरिक तथा शारिरीक रुपमा अशक्त व्यक्तिहरुलाई प्रमुख जिल्ला अधिकारी सहितका कर्मचारीहरु सम्बन्धित व्यक्तिको घर दैलोमा गई नागरिकता वितरण समेत गर्ने गरिएको ।





शारिरीक अपाङ्ग भएका व्यक्तिलाई निजकै घर दैलोमा गई प्र.जि.अ./स.प्र.जि.अ.बाट नागरिकता प्रदान

सेवाग्राहीले नयाँ नेपाली नागरिकता, प्रतिलिपि, नाबालक परिचयपत्र र गैरआवासीय नेपाली नागरिकता प्राप्ती गर्न पालना गर्नुपर्ने कानूनी व्यवस्था तथा प्रक्रियागत कार्यलाई अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### २.३.४. राहदानी विवरण संकलन तथा वितरण

राहदानी विभागले पछिल्लो समय विद्युतीय राहदानी (ई-पासपोट) जारी गर्ने निर्णय गरेसँगै जिल्ला प्रशासन कार्यालय ललितपुरले दुई वटा स्टेशनहरु स्थापना गरी नागरिकहरुको बायोम्याट्रिक्स लिई विद्युतीय राहदानीको विवरण संकलन र राहदानी वितरण गर्दै आएको छ । घरबाट नै अनलाईन फाराम भरी Appointment लिन सकिने व्यवस्था रहेको छ । व्यक्तिले प्रविष्ट गरेको विवरणलाई अधिकृतस्तरबाट रुजु गरी प्रक्रियामा अगाडि वढाउने कार्य गरिन्छ । बायोम्याट्रिक्स दिएको करिब २ देखि ३ हप्ताभित्र राहदानी बनी सक्ने र सोको जानकारी सम्बन्धित व्यक्तिको मोवाइलमा दिने व्यवस्था समेत रहेको छ । कानूनी प्रावधान अनुसार साधारण राहदानी दस्तुर रु.५०००।, पुरानो राहदानी हराएको बिग्रीएको हकमा रु.१०००० र १० वर्ष भन्दा मुनीका नाबालकको हकमा रु.२५००

राजस्व दाखिला गर्नु पर्ने हुन्छ । जिल्ला प्रशासन कार्यालय ललितपुरले आ.व.२०८०।८१ मा हालसम्म ४०५० जनाको बायोम्याट्रिक लिएकोमा ३२१७ जनालाई राहदानी वितरण गरिएको । वितरण गरिएका राहदानीहरुको बिद्युतिय अभिलेख कार्यालयले राख्ने गरेको छ । सेवाग्राहीले राहदानी प्राप्ती गर्न पालना गर्नुपर्ने कानूनी व्यवस्था तथा प्रक्रियागत कार्यलाई अनुसूची-३ मा उल्लेख गरिएको छ ।





बिद्युतीय राहदानीको बायोम्याट्रिक

**२.३.५. राष्ट्रिय परिचयपत्रको विवरण संकलन तथा वितरण:**

नेपाल सरकारले राष्ट्रिय परिचयपत्रलाई सरकारको रणनीतिक आयोजनाको रुपमा अघि सारेसँगै २०७६ साल वैशाख देखि जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोगमा स्थानीयस्तरमा राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्य गर्दै आएको छ । यस कार्यका लागि जिल्ला प्रशासन कार्यालय ललितपुरमा विवरण संकलनमा हाल पाँच वटा स्टेशनहरु र दुई वटा कार्ड वितरण विन्दु संचालनका रहेका छन । यसका साथै समय समयमा वडास्तरसम्म विवरण दर्ता अपरेटरहरु खटाई विवरण संकलन गर्ने गरिएको छ । पछिल्लो समयमा २०८१ असार देखि जिल्लाका ६ वटै स्थानीय तहहरुमा विवरण दर्ता अपरेटर खटाई अस्थायी स्टेशन खडा गरी विवरण संकलन कार्य भईरहेको छ । नेपाल सरकारले राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षाभत्ता लगायतका अन्य सेवाहरुसँग आवद्ध गरेसँगै राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्ने आउने सेवाग्राहीहरुको दिनानु दिन भिड बढदै गएकोले २०८१ श्रावण ०१ गतेबाट घरबाट नै अनलाईन फाराम भरी Appointment लिन सकिने व्यवस्था मिलाईएको छ । व्यक्तिले प्रविष्ट गरेको विवरणलाई रुजु गरी प्रक्रियामा अगाडि वढाउने कार्य गरिन्छ । बायोम्याट्रिक्स दिएको करिब १ वर्षभित्र परिचयपत्र कार्ड बनी सक्ने र सोको जानकारी सम्बन्धित व्यक्तिको मोवाइलमा दिने व्यवस्था समेत रहेको छ । कार्यालयले प्राप्त गरेको राष्ट्रिय परिचयपत्रको वितरण कार्यलाई समेत तीब्रता दिईएको छ । जिल्ला प्रशासन कार्यालय ललितपुरले आ.व.२०८०।८१ मा

१०११६ जना सेवाग्राहीहरुको बायोम्याट्रिक लिईएको र ७०५३ जनालाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गरिसकेको । विगत ३ वर्षको राष्ट्रिय परिचयपत्रको सेवा प्रवाहस्थितिलाई देहाय बमोजिम उल्लेख गरिएको छ । सेवाग्राहीले राष्ट्रिय परिचयपत्र प्राप्ती गर्न पालना गर्नुपर्ने कानूनी व्यवस्था तथा प्रक्रियागत कार्यलाई अनुसूची-४ मा उल्लेख गरिएको छ ।





| सि.नं. | सेवाको किसिम | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय परिचयपत्र | ० | ० | १३१४८ | ४५०५५ | ३६३२८ |

राष्ट्रिय परिचयपत्र बितरण

### २.३.६. हातहतियार दर्ता, नविकरण, स्थानान्तरण, नामसारी र खारेजी सम्बन्धी

विगत देखि जिल्ला प्रशासन कार्यालयले हातहतियार दर्ता तथा नविकरण कार्यमा जिल्लामा दर्ता भएका, अन्य जिल्लाबाट स्थानान्तरण भई ल्याएका र अन्य जिल्लामा दर्ता भएकाको अभिलेख माग गरि नविकरण गर्दै आएको थियो । गृह मन्त्रालयले हातहितयार तथा खरखजाना सम्बन्धी प्रभावकारी व्यवस्थापनका लागि समय समयमा परिपत्र गर्दै आउने गरेको छ । गत आ.व.२०८०।८१ को  च१७.नं.३८ मिति २०८०।१२।२३ को पत्रले नविकरणको लागि हातहतियारको बिस्तृत स्थिति बुझेर मात्र नविकरण गर्न सकिने, दर्ता भएका जिल्लामा नै नविकरण गर्नु पर्ने र वित्तीय संस्थाहरुको हकमा केन्द्रीय निकायको पत्रका आधारमा सम्बन्धित जिल्ला प्रशासनले नविकरण गर्न सक्ने प्रावधानलाई व्यवस्थित गरेको छ । दर्ता भएका हातहतियारहरुको नविकरणका लागि मान्य अवधिभित्र निवेदन गर्नेहरुको हकमा जिल्ला प्रहरी परिसरबाट अनुगमन प्रतिवेदन माग गर्ने, यसका लागि परिसरले फोकल डेस्क तोक्ने र प्राप्त प्रतिवेदनका आधारमा नविकरण गर्ने निर्णय गरेकोले सोहि अनुसार कार्यान्वयनको व्यवस्था मिलाईएको छ । पाँच बर्ष भन्दा बढी समय अवधिसम्म नविकरण नगरेका सबै हतियारहरुको जफत/समर्पण लगायतका प्रक्रिया अगाडी बढाउन सम्बन्धित सबै सरोकारवालाहरुका लागि सार्वजनिक सूचना समेत प्रकाशन गरिसकिएको छ ।

### २.३.७. मुद्दा दर्ता तथा फैसला

जिल्ला प्रशासन कार्यालयलाई विभिन्न ऐन, कानूनमा आवद्ध रही कार्य गर्ने गरी नेपाल सरकारले जिम्मेवारी दिएको छ। तोकिएका कानून र राजपत्रमा प्रकाशित सूचना समेतलाई आधार मानी यस कार्यालयले जिल्लामा घटेका हातहतियार, कालो बजारी, खाद्य सामाग्री, सवारी दुर्घटना, दुषित दाना उत्पादन तथा विक्री, जुवा, अभद्र व्यवहार, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर, सार्वजनिक स्थलमा यौनांग प्रदर्शन, कार्यालयस्थलमा हुने यौनजन्य हिंसा जस्ता फौजदारी अपराध सम्बन्धी मुद्दा दर्ता र सोको फछ्र्यौट गर्दै आएको छ। विगत देखि यस आ.व. सम्म रहेका मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ।

| सि.नं. | मुद्दाको किसिम | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
|---|---|---|---|---|---|---|
| १ | मुद्दा दर्ता | ३२६ | ३६० | ३२२ | ३२२ | ३५३ |
| २ | मुद्दा फर्छ्यौट | ६०९ | २१४ | १९९ | २०२ | २०० |

जिल्ला प्रशासन कार्यालय ललितपुरले दर्ता भएका मुद्दाहरुको फैसला वादी/प्रतिवादी दुबैंको उपस्थितिमा सुनुवाई पश्चात फैसला गर्ने गरेको छ। मुद्दाहरुको सुनुवाई तथा फैसलाका लागि चालु आ.व. बाट इजलास कक्षको व्यवस्था गरी संचालनमा ल्याइएको छ।

यसका अलावा जिल्लामा व्यक्तिगत/संस्थागत रुपमा शान्ति सुरक्षा लगायतका विषयमा कार्यालयमा दर्ता हुन आएका वा विद्युतीय माध्यमबाट जानकारी भएका शान्ति सुरक्षा सम्बन्धी गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकास दिने काम गरेको छ। विगत ५ वर्षको ठाडो उजुरी दर्ता र सुनुवाईको अवस्था देहाय बमोजिम उल्लेख गरिएको छ।

| सि.नं. | सेवाको किसिम | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
|---|---|---|---|---|---|---|
| १ | ठाडो उजुरी दर्ता र सुनुवाई | ४१२ | ४३७ | ४११ | ५११ | ६५६ |

### २.३.८. संघसंस्था दर्ता, नविकरण तथा नियमन

ललितपुर जिल्ला तथा अन्तर्गतका क्षेत्रहरुमा कार्यक्षेत्र बनाएर काम गर्न चाहने सामाजिक तथा गैरनाफामुलक संघसंस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता हुँदै संचालनमा आएका छन्। चालु आ.व. सम्म आईपुग्दा ललितपुर जिल्लामा ५९८१ गैर सरकारी संस्थाहरु दर्ता भैसकेको देखिन्छ। जसमध्ये यस आ.व.मा. हाल सम्म ८१३ वटा संस्थाहरु नविकरण भएका छन्। संस्थाहरुको दर्ता प्रक्रिया तथा अभिलेखाङ्कनलाई कम्प्युटराइज्ड गरिनुका साथै दर्ता भएका संस्थाहरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थाहरुको सूचीकरण गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

| सि.नं. | सेवाको किसिम | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
|---|---|---|---|---|---|---|
| १ | नयाँ संस्था दर्ता | ५८ | ५० | ५१ | ६५ | ७५ |
| २ | संस्था नविकरण | ७३५ | ६३७ | ७१८ | ७१४ | ८१३ |

गैर सरकारी संस्थाहरुमा संस्थागत सुशासन, वित्तीय उत्तरदायित्व र जवाफदेहितालाई पूर्ण रुपमा पालना गराउने उद्देश्यले कार्यालयबाट वार्षिक कार्ययोजना बनाई अनुगमन/नियमन हुदै आएको छ। जिल्ला प्रशासन कार्यालयमा दर्ता/स्थानान्तरण र शाखा विस्तार गर्न चाहने र नियमानुसार नविकरण हुन गैरसरकारी संस्थाले पालना गर्नुपर्ने कानूनी व्यवस्था तथा प्रक्रियागत कार्यलाई अनुसूची-५ मा उल्लेख गरिएको छ।




संस्था अनुगमन

### २.३.९. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन:

प्राकृतिक विपत्तिका हिसावले ललितपुर  जिल्ला जोखिमयुक्त जिल्लामा पर्दछ। यस जिल्लामा देखिने प्रमुख प्रकोपजन्य समस्याहरुमा बाढी, पहिरो, डुवान, आगोलागी आदि रहेका छन्। जिल्लामा हुन सक्ने विपदको क्षतिलाई न्यूनीकरण गर्न तथा आगामी दिनमा आउन सक्ने विपद्को सामना गर्न यस जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ। समितिले जिल्लास्तरीय विपद् प्रतिकार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको छ र प्रत्येक वर्ष अध्यावधिक समेत गर्दै आएको छ। स्थानीय तहहरुसँग समेत विपद् व्यवस्थापनका गतिबिधिहरुलाई सहकार्यका रुपमा अगाडि बढाउन स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहभागितामा विपद् व्यवस्थापन समितिको बैठक विभिन्न मितिमा ६ पटक बसिसकेको छ। स्थानीय तहमा विपद् व्यवस्थापनका लागि स्थापना गरिएको स्थानीय विपद् व्यवस्थापन कोषको उचित परिचालनका लागि समितिले निर्देशन दिएको छ। विपद् व्यवस्थापनका सम्बन्धमा गरिएका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्।

- ललितपुर जिल्लामा घटेका विपद्जन्य घटनाको प्रभावकारी व्यवस्थापन कार्यमा थप गर्नु पर्ने उद्धार सामाग्रीहरुको विवरण संकलन गरी सोको व्यवस्थापनका  लागि स्थानीय तहहरुलाई अनुरोध गरिएको।
- ललितपुर जिल्लामा मनसुनको समयमा घट्न सक्ने विपद्जन्य घटनाहरुको पूर्वानुमान, विश्लेषण तथा न्यूनीकरण र समयमै उद्धारका कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको आ.व.२०८१।८२ को मनसुनजन्य विपद्

प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ।

- जिल्लामा घट्न सक्ने घटनाहरु आगलागी, बाढी, पहिरो, डुबान, सडक अवरुद्ध लगायतका विपद्को समयमा नै व्यवस्थापन गर्न स्थानीय तह र सम्बन्धित आयोजनाहरुलाई दमकल, एम्बुलेन्स, J.C.B. लगायतका सामाग्रीहरु दुरुस्त राख्ने व्यवस्था मिलाईएको छ।
- स्थानीय तह र अस्पतालहरुसँग आवश्यक समन्वय गरी विपद्को समयमा आवश्यक पर्ने सक्ने औषधी उपकरणहरुको व्यवस्थापनलाई दुरुस्त राख्न जिल्ला जनस्वास्थ्य कार्यालयलाई फोकल पर्सनको तोकिएको।
- जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७८।०३।२१ गतेको निर्णयानुसार जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) सञ्चालनमा ल्याउने निर्णय भएबमोजिम देहाय बमोजिमको संरचनामा (DEOC) स्थापना गरी प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको।

  क. संयोजक, प्रशासकीय अधिकृत (प्रशासन हेर्ने)-जिल्ला प्रशासन कार्यालय ललितपुर,
  ख. सदस्य, सेनानी नेपाली सेना राजदल गण,
  ग. सदस्य, सेनानी नेपाली सेना सूर्यदल गण,
  घ. सदस्य, प्रहरी निरीक्षक- जिल्ला प्रहरी परिसर ललितपुर,
  ङ. सदस्य, स.प्र.नि. सशस्त्र प्रहरी बल नेपाल नं.२१ गण हे.क्वा, ललितपुर,
  च. सदस्य, अनुसन्धान अधिकृत- जिल्ला अनुसन्धान कार्यालय, ललितपुर
  छ. सदस्य, अधिकृत प्रतिनिधि, डिभिजन बन कार्यालय, ललितपुर,
  ज. सदस्य रेडक्रस सोसाइटी ललितपुर।

ललितपुर जिल्लामा विपद्को प्रभाव ६ वटै स्थानीय तहहरुमा परेको पाईन्छ। विपद्जन्य घटनाहरुको न्यूनीकरण कार्यका लागि जिल्ला र स्थानीयस्तरबाट विभिन्न प्रयत्नहरु हुदै आएका छन्। तथापि विपद् जोखिम न्यूनीकरणमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु देहाय बमोजिम रहेका छन।

- नागरिक, स्थानीय तह, जिम्मेवार तथा सरोकारवाला निकायहरु बीच समन्वय तथा सहकार्य कमजोर रहेको।
- उद्धार कार्यमा खटिने निकायहरुमा उद्धार सामाग्रीहरु प्राप्त मात्रामा नभएको र खरिदका लागि पनि बजेट बिनियोजन नभएको।
- विपद् व्यवस्थापन कोषमा पर्याप्त बजेट विनियोजन नहुनु, साथै कोषबाट उद्धार सामाग्रीहरु खरिद गर्ने व्यवस्था नहुनुले आपतकालिन अवस्थामा तत्काल उद्धार सामाग्री प्रयोग गर्न नसकिएको।
- उद्धार सामाग्री, जनशक्ति तथा स्रोतको कमीका कारण उद्धार कार्य समयमा प्रभावकारी रुपमा गर्न कठिनाई रहेको।
- आपसी समन्वय कमजोर हुनुको कारण राहत वितरणमा दोहोरोपनाको समस्या रहेको।
- नागरिक तथा सरोकारवाला निकायहरुले विपद् सम्बन्धि सूचना समयमा सम्बन्धित निकायमा जानकारी नगराउनु।

- जनचेतना तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु स्थानीय तहको प्राथमिकतामा नपरेको साथै विपद् न्यूनीकरणमा नागरिक क्षमता कमजोर रहेको ।
- यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुले नागरिक सचेतना अभिवृद्धिका कार्यक्रमहरु पर्याप्त मात्रामा सञ्चालन गर्न नसकेको ।

देखिएका चुनौतीहरुलाई समाधान गर्न जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको सहकार्यमा ललितपुर जिल्लामा विगतमा घटेका विपद्जन्य घटनाहरुको आधारमा जोखिम र संवेदनशिलताको अनुमान सहित तयार गरिएको क्षेत्रगत वर्गीकरण अनुसूची-६ मा उल्लेख गरिएको छ ।



आगलागी पीडितलाई उद्दार



आगलागी पीडितलाई राहत वितरण

## २.३.१० लागु औषध नियन्त्रण

लागुऔषध नियन्त्रणको कार्यलाई गतिशिल बनाउन र लागु औषध तथा पुनः स्थापना केन्द्रको अनुगमन कार्यलाई निरन्तरता दिने हेतुले गत आ.व.मा २०८०।८१ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुको उपस्थितिमा बैठक बसी जिल्ला अनुगमन समितिलाई नियमित अनुगमनका लागि निर्देशन दिने गरेको छ । लागू औषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुर्नस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ को दफा ९ ले तोके अनुसार ललितपुर जिल्लामा देहाय बमोजिमको जिल्ला अनुगमन  तथा समन्वय समिति रहेको छ ।

संयोजक, सहायक प्रमुख जिल्ला अधिकारी-जिल्ला प्रशासन कार्यालय, ललितपुर,

सदस्य, अधिकृत प्रतिनिधि जिल्ला प्रहरी परिसर,

सदस्य, जिल्ला वा स्थानीय अस्पतालको प्रमुख वा निजले तोकेको चिकित्सक,

सदस्य, प्रतिनिधि जिल्ला सदरमुकाम रहेको नगरपालिका वा गाउँपालिकाको कार्यालय,

सदस्य, जिल्लास्थित केन्द्रमध्ये प्रमुख जिल्ला अधिकारीबाट मनोनित केन्द्रको प्रतिनिधि,

सदस्य, अधिकृत प्रतिनिधि, जिल्ला जनस्वास्थ्य कार्यालय वा स्थानीय स्वास्थ्य कार्यालय,

अनुगमन समितिले विभिन्न समयमा वैठकहरु बस्नुका साथै २० भन्दा बढी लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रहरुको अनुगमन निरीक्षण गरी सुधारका लागि निर्देशन दिएको छ। अन्तराष्ट्रिय लागू औषध नियन्त्रण दिवसको अवसरमा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम गरी सम्पन्न गरेको छ । सामुदायिक प्रहरी कार्यक्रम मार्फत लागु औषध नियन्त्रणका गतिविधिलाई तल्लो तहसम्म चेतनामूलक तवरले पुर्याउन नेपाल प्रहरीलाई आवश्यक सहयोग पुर्याउदै आएको छ। आ.व.२०८१।८२ को लागि लागु औषध नियन्त्रणका लागि तयार गरिएको कार्ययोजना **अनुसूची-७** मा राखिएको छ।





सप्ताहव्यापी कार्यक्रममा लागू औषध उपचारकेन्द्रका प्रतिनिधिसँग छलफल

लागू औषध उपचारकेन्द्रको अनुगमन गर्दै

### २.३.११. राजमार्गमा हुने अवरोध हटाउने, नियमित रुपमा सञ्चालन र सडक दुर्घटना न्यूनीकरण

राजमार्गमा हुनसक्ने अवरोध हटाउन तथा नियमित रुपमा सञ्चालन गर्ने उद्देश्यले जिल्लास्थित यातायात सहजीकरण समितिको वैठक सरोकारवाला निकायहरु समेतको उपस्थितिमा नियमित रुपमा वस्दै आएको छ। मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्।

- कान्ति लोकपथ सडक योजनाको निर्माण कार्यलाई छिटो छरितो र समयमा सम्पन्न गर्न र सवारी आवत जावतमा सहजिकरण गर्न निश्चित समय तोकी निर्माण कार्य भईरहेको छ।

- गुणस्तर अनुसन्धान तथा विकास केन्द्रबाट निर्माण गरिएको ग्वार्को फ्लाई ओभर निर्माण आयोजनाको कार्यलाई व्यवस्थित गर्न मिति २०८१।०१।०४ गतेदेखि मिति २०८१।०१।१३ गतेसम्म Girder Launching गर्दा सडक दुर्घटना हुन नदिन तथा ट्राफिक व्यवस्थापनमा सहजीकरण गर्ने उद्देश्यले निश्चित समयअवधि तोकी पैदलयात्रु तथा सवारी आवात जावतलाई व्यवस्थित गरिएको छ।
- ललितपुर जिल्ला अन्तर्गत सञ्चालनमा रहेका सरकारी एवम् निजी विद्यालयहरुमा अध्ययनरत बालबालिका बोक्ने सवारी साधनहरुको दुर्घटना न्यूनीकरण गर्न विद्यालयका सवारी साधनको गति ४० कि.मी.प्रतिघण्टा भन्दा कम हुने गरी निर्धारण गरी कार्यान्वयन गरिएको र सोको पालना नभएमा जरिवाना समेत गर्ने गरिएको छ।
- सार्वजनिक यातायातको भाडादर, अनलाइन टिकेटिङ, रुट पर्मिट लगायतका विषयहरुलाई व्यवस्थित गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरिएको छ।

**२.३.१२ सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धी**

- जिल्ला प्रशासनबाट दिइने सेवाहरुलई व्यस्थित गर्न नागरिक वडापत्रलाई डिजिटलाईड गरिएको First Come, First Service को मान्यता स्वरुप टोकन प्रणाली लागू गरिएको।अभिलेखहरुको विद्युतीय व्यवस्थापन गरी अध्यावधिक गरिएको। कार्यालयमा रहेका पेन्डिङ तथा द्वविधायुक्त कार्यहरु साथै लिलाम सम्बन्धी कार्य र वेरुजु फर्छयौट समयमा नै सम्पन्न गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरी लिलाम कार्य अगाडि बढाईएको छ ।
- ललितपुर जिल्लामा रहेका सरकारी तथा सार्वजनिक निकायहरुको नियमित रुपमा अनुगमन, गुनासोको आधारमा छड्के चेकजाँच गर्दै आएको छ।
- सरकारी कार्यालयहरुले निर्माण गरी सञ्चालन गरेका Website and Software को सुरक्षा अडिट गर्न सबै सरकारी निकायहरुलाई निर्देशन दिइएको छ। साथै, नियमित रुपमा कार्यालय प्रमुख र सूचना अधिकारीको बैठक बस्दै आउन सक्ने समस्याहरुको समाधान गर्ने गरिएको छ।
- सेवाप्रवाहमा प्रभावकारिता बढाउन कार्यालयबाट प्रकाशित सूचना, जानकारीहरु र कार्यविधिगत विषयहरु कार्यालयको वेवसाइट तथा सामाजिक सञ्जाल (Facebook, Twitter) को माध्यमबाट नियमित रुपमा सम्प्रेषण अध्यावधिक गर्न निर्देशन दिने गरिएको छ।
- कर्मचारीहरुको उपस्थिति, आचरण र अनुशासनमा ध्यान दिने, सबै कार्यालयहरुले बिद्युतीय हाजिरीको प्रभावकारी कार्यान्वयन गर्ने, पदीय आचरण विपरित कर्मचारीहरुले सामाजिक सञ्जालमा पोष्ट शेयर, कमेन्ट जस्ता कार्य गर्न जिल्लास्थित सबै सरकारी कार्यालयहरुलाई निर्देशन दिने गरिएको छ।
- ललितपुर जिल्लास्थित विकास निर्माण आयोजनाहरुको लागि आवश्यक पर्ने निर्माण सामाग्री व्यवस्थापनमा सहजीकरण, मुआब्जा निर्धारण र कार्यसम्पादनमा आइपर्ने समस्याहरुको समाधानका लागि समय समयमा छलफल तथा अनुगमन गर्ने गरिएको छ।

### २.३.१३. सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धी,

क. सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण तथा दुरुपयोग भएमा जिल्ला प्रशासन कार्यालय ललितपुरमा यथाशिघ्र विवरण उपलव्ध गराउन सम्बन्धित सबैका लागि मिति २०८०।१२। ०५ मा सूचना प्रकाशन गरिएको छ।

ख. सरकारी तथा सार्वजनिक जग्गाहरुको अतिक्रमण/दुरुपयोगको विवरण संकलन तथा विश्लेषण गरी प्रतिवेदन गर्ने उद्देश्यले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित स्थानीय तहको समेत प्रतिनिधि रहने गरी, नापी कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालयका अधिकृत सदस्य रहेको ५ (पाँच) सदस्यीय कार्यसमिति मिति २०८०।१२।०५ मा गठन भएको छ।

ग. कार्यसमितिले पहिलो चरणमा जिल्लास्थित सबै सरकारी कार्यालय र मातहतका कार्यालयको नाममा रहेको जग्गाको विवरण (अतिक्रमण भएको भए सोको अवस्था सहित) विवरण संकलन गरी पठाउन पत्राचार गरिएको छ।

घ. सर्वसाधारणहरुबाट यस कार्यालयमा पाँच वटा निवेदनहरु दर्ता भएको। कार्यसमितिले उक्त निवेदनहरुका सम्बन्धमा स्थलगत नापजाँच तथा भूमिसुधार तथा मालपोत कार्यालयसँग समन्वय गरी यथार्थ विवरण सहितको प्रतिवेदन कार्यसमितिमा पेश गर्न नापी कार्यालय ललितपुरलाई लेखी पठाइएको छ।

ङ. गृह मन्त्रालयको परिपत्र अनुसार जिल्लास्थित सरकारी कार्यालयहरुबाट जग्गा सम्बन्धी विवरण कार्यालयमा संकलन भई रहेको छ।

च. कार्यसमितिले दोस्रोचरणमा जिल्लास्थित सबै स्थानीय तहहरुलाई आफू र मातहतका वडा कार्यालयहरुमा पत्रचार/सूचना गरी सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण (अतिक्रमण भएको भए सो को अवस्था सहित) विवरण संकलन ७ (सात) दिनभित्र यस कार्यालयमा पठाउन मिति २०८१।०१।०३ गते पत्राचार गरेकोमा विभिन्न कार्यालयबाट सूचना संकलन भई छानविन कार्य अगाडि वढेको छ।

छ. गोदावरी नगरपालिकाको पत्रबाट अनुरोध भई आएबमोजिम सोहि नगरपालिकाको वडा नं.३ टौखेल क्षेत्रमा सार्वजनिक जग्गाको अतिक्रमण गरी बनेका घर-टहराहरु सुरक्षारकर्मी परिचालन गरी हटाईएको छ।

माथि उल्लेख गरेका बाहेक कार्यसमितिले जिल्ला प्रशासन दर्ता भएका उजुरीहरुको सम्बन्धमा सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेको छ।

१. गृह मन्त्रालय आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, सिंहदरवार काठमाडौको च.नं.२१७ मिति २०८०।११।०८ को पत्र मार्फत नेपाल सरकारको नाममा रहेका जग्गाहरुको विवरण माग तथा सोको संरक्षणको अवस्था अद्यावधिक गर्ने सम्बन्धमा यस कार्यालयको च.नं.८१४० मिति २०८०।११।१४ को पत्र मार्फत भूमिसुधार तथा मालपोत कार्यालय, नापी कार्यालय लगनखेल ललितपुर, डिभिजन वन कार्यालय ललितपुर र स्थानीय तहहरु सबैमा विवरण उपलव्ध गराउने भनी पत्राचार भएको सो सम्बन्धमा स्थानीय तह सहितको सहभागितामा छानविन भई रहेको।

२. ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.३ वस्ने केसर बहादुर थकुरीले आफ्नो घर अगाडीको पर्ति जग्गा अन्दाजी दुई आना जति जग्गा मिचि ढुङ्गा तथा इटाले वार लगाई तरकारी खेती गर्ने गरेको टोल छिमेकीले तरकारी खेती नगर्न पटक पटक अनुरोध तथा आग्रह गर्दा समेत वास्ता नगरेको भनी ऐ.ऐ.बस्ने निवेदक शान्त राज धाख्वाले यस कार्यालयमा दिएको सक्कलै निवेदन यस कार्यालयको च.नं.९३६६ मिति २०८०।१२।२५ को पत्र मार्फत

ललितपुर महानगरपालिका पुल्चोक ललितपुरमा लेखि पठाईएकोमा नापी कार्यालय ललितपुरले स्थलगत नापजाँच गरी बाटोको क्षेत्र यकिन गरेको ।

३. ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.४ वागडोल आदिनाथ मार्गको कि.नं.२५३ र २५४ का सार्वजनिक बाटोको जग्गा अतिक्रमण भएको भनी मिति २०८०।१२।२७ मा यस कार्यालयमा निवेदन परेको हुँदा यस कार्यालयको च.नं.९८६७ मिति २०८१।०१।०७ गतेको पत्र मार्फत सार्वजनिक जग्गा संरक्षणका लागि भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालय ललितपुरमा पत्राचार गरिएको र नापी कार्यालयबाट स्थलगत नापजाँचका लागि टोली खटाईएको ।

४. ललितपुर जिल्ला साविक लुभु-८ हाल महालक्ष्मी नगरपालिका खरिबोट तुजलचोक सडक खण्ड क्षेत्र वरिपरिका सार्वजनिक जग्गाहरु कुलो र सार्वजनिक पाटी अतिक्रमण भएको भनी तल चौतारा खरिबोट सडक खण्ड सरोकारवालाले मिति २०८१।०१।१२ मा यस कार्यालयमा दिएको निवेदनका सम्बन्धमा यस कार्यालयको च.नं.१००२४ मिति २०८१।०१।१३ को पत्र मार्फत नापी कार्यालय ललितपुर र स्थानीय तहहरुमा लेखि पठाईएको र आवश्यक छानविन कार्य भइरहेको ।

५. ललितपुर जिल्ला साविक सैबु गा.वि.स.वडा नं.४ ख किन्.नं.१७० क्षेत्रफल १५-१-१-० र कि.नं.१७१ क्षेत्रफल ९-०-० जग्गाका सम्बन्धमा यस कर्यालयको च.न.९७७६ मिति २०८१।०१।०३ गतेको पत्रबाट नापी कार्यालय ललितपुरलाई लेखि पठाईएकोमा नाप कार्यालयको च.नं.२५२३ मिति २०८०।०१।१४ गतेको पत्रबाट जग्गा सार्वजनिक प्रति जग्गाको फिल्ड चेक गरी सो जग्गाहरु अतिक्रमण भए नभएको एकिन गरी प्रतिवेदन पेश ।

| ४ | सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता | ४.१.जिल्लास्थित सबै कार्यालयहरुले सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने। सेवा प्रवाहका हिसावले नमूना कार्यालयको रुपमा विकास गर्न भौतिक स्रोत साधनको प्रभावकारी उपयोग गर्ने ।<br>४.२.अनलाईन सेवा प्रवाह सुरु भएका कार्यालयहरुमा सेवाग्राहीले कार्यालयमा उपस्थित भई अनलाईन आवेदन गर्न चाहेमा सो समेत गर्न सक्ने व्यवस्था मिलाउने।त्यसका लागि आवश्यक पर्ने कम्प्युटर इन्टरनेट र सो कार्यमा प्राविधिक सहयोग गर्न सक्ने कर्मचारीको व्यवस्था मिलाउने र आफै सेवा लिन नसक्ने कर्मचारीहरुको लागि आवश्यक सहजीकरण गर्ने।<br>४.३.सेवाग्राहीका लागि कार्यालयले प्रदान गर्ने आवश्यक फराम लगायत अन्य सामग्रीहरु कार्यालय परिसरभित्र निशुल्क र सुपथ मूल्यमा उपलव्ध गराउने व्यवस्था मिलाउने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह/जिल्लास्थित सबै कार्यालयहरु | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४.४.सेवाप्रवाहमा प्रभावकारिता बढाउन कार्यालयबाट प्रकाशित सूचना, जानकारीहरु र कार्यविधिगत विषयहरु कार्यालयको वेवसाइट तथा सामाजिक सञ्जाल (facebook, twitter) को माध्यमबाट नियमित रुपमा सम्प्रेषण/अध्यावधिक गर्ने | | | | |
| ५ | गुनासो व्यवस्थापन र सूचनाको हक | ५.१. जिल्लास्तरमा उठेका सबै गुनासोहरुको सुनुवाई गरी फर्छयौट हुने व्यवस्था मिलाउने। ५.२. सूचनाको हक सुशासन कायम गर्न महत्वपूर्ण औजार भएको हुदाँ नियमित अनुगमन गर्ने, जिल्ला प्रशासन कार्यालयबाट सम्प्रेषण गर्नुपर्ने सूचनाहरु नियमित रुपमा सम्प्रेषण हुने व्यवस्था मिलाउने र कानुन बमोजिम गोपनीयता कायम गर्ने। | जिल्ला प्रशानस कार्यालय | अन्य सबै सरकारी निकायहरु | निरन्तर | |
| ६ | पुराना जिन्सी सामानहरुको व्यवस्थापन र वेरुजू | ५.१. कार्यालयका पुराना जिन्सी सामानहरु मिनाहा, लिलाम बिक्री वा हस्तान्तरण गरी कार्यालय परिसर पुर्ण रुपमा सफा राख्ने। ५.२. बेरुजुको लगत अद्यावधिक गर्ने, पुराना बेरुजुहरु पनि चालु आ.व.मा फछ्यौट गर्ने गरी कार्ययोजना वनाई काम गर्ने र त्यसको कार्ययोजना मन्त्रालयमा पठाउने र फछ्यौट गर्न नसकिने पुराना बेरुजुहरु फछ्यौट गर्न नसक्नुको कारण उपायसहित मन्त्रालयमा प्रतिवेदन पेश गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सरकारी कार्यालय सबै | | |
| ७ | कर्मचारी आचरण र अनुशासन | ७.१. कर्मचारीहरुको उपस्थिति, आचरण र अनुशासनमा ध्यान दिने, सबै कार्यालयहरुले बिद्युतीय हाजिरीको प्रभावकारी कार्यान्वयन गर्ने, पदीय आचरण विपरित कर्मचारीहरुले सामाजिक सञ्जालमा पोष्ट शेयर, कमेन्ट जस्ता कार्य नगर्ने। | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सरकारी कार्यालय सबै | | |
| ८ | नागरिकता र राष्ट्रिय परिचयपत्र | ८.१. नागरिकता सम्बन्धि सूचना व्यवस्थापनका लागि प्रयोगमा रहेको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) सँग आवद्धता कायम गरी केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणाली (CCIMS) को प्रयोगलाई निरन्तरता दिने । ८.२. नागरिकताको अनुसूची र अन्य कागजातहरुको अभिलेखहरु वाइण्डिङ गर्ने र अभिलेखको रेकर्ड भिडान गर्न सक्ने गरी व्यवस्थापन गर्ने । ८.२. राष्ट्रिय परिचयपत्र वितरणका लागि नागरिकका विवरण संकलन गर्ने तथा राष्ट्रिय परिचयपत्र वितरण व्यवस्थापन सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण तथा मुआब्जा निर्धारण | ९.१. सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक तथा सरकारी जग्गाको लगत तयार गर्ने, अभिलेख मन्त्रालयमा पठाउने र जिल्लामा स्थानीय तहमा समेत राख्ने।<br>९.२.नेपाल सरकारको स्वामित्वमा रहेका र नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्थालाई उपयोग गर्ने गरी सार्वजनिक जग्गाहरु गैरकानूनी वा अनधिकृत रुपमा दर्ता दाखिला खारेजी अतिक्रमण वा कब्जा भएको पाइएमा सो सम्बन्धि सत्यतथ्य सूचना सहितको विवरण संकलन गर्ने, त्यस्तो कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कार्वाही गर्ने<br>९.३.मुआब्जा/क्षतिपूर्ति वितरण गरिएका जग्गा/संरचनाहरुको विवरण तयार गर्ने, सोको विवरण कार्यालयको वेबसाइटमा अद्यावधिक गर्ने<br>९.४.मुआब्जा निर्धारणका लागि अध्ययन गर्न भएका उपसमितिहरुको कार्यमा तिव्रता दिने र मुआब्जा निर्धारण कार्यलाई समयमा नै सम्पन्न गर्ने ।<br>९.५. वितरण भैसकेका जग्गाहरुको अनिवार्य रुपमा मालपोत कार्यालयबाट दाखिला खारेज गर्न लगाउने। | स्थानीय तह, जिल्ला प्रशासन कार्यालय | सरोकारवाला, सबै सरकारी कार्यालयहरु | | |
| १० | विकास निर्माणका कार्यमा समन्वय र सहजीकरण | १०.१.आफ्नो क्षेत्रभित्रका निर्माणाधिन विकास आयोजनाहरु (राष्ट्रिय गौरवका आयोजनाहरु, प्राथमिकता प्राप्त राष्ट्रिय आयोजनाहरु, प्रादेशिक वा स्थानिय स्तरका आयोनाहरु) को निर्माणको अवस्था, निर्माण कार्यमा अनावश्यक ढिलाई भएको भए सोको कारण र त्यसमा भएको कानूनी कारवाहीका लागि निकायगत रुपमा पठाउने।<br>१०.२. सरकारी तथा गैर सरकारी क्षेत्रवाट सञ्चालित विकास आयोजनाका सम्बन्धमा स्थानीय नागरिकले देखाएको चासो गुनासाहरुलाई सम्बोधन गर्न सहजकर्ताको रुपमा कार्य गर्ने। | जिल्ला प्रशासन कार्यालय र सम्बन्धित आयोजना<br><br>जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकायहरु<br><br>सम्बन्धित आयोजना | | |
| ११ | लागू औषध नियन्त्रण र सुधार गृहको नियमन | ११.१ लागू औषध दुर्व्यसन अन्त्य गर्न प्रदेश सरकार, स्थानीय सरकार र गैरसकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा विशेष कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरी लागू औषध विरुद्धको तीन महिने अभियान सञ्चालन गर्ने। | जिल्ला प्रशासन कार्यालय/ जिल्ला प्रहरी परिसर/ | स्थानीय तह/गैरसरकारी संस्था/निजी क्षेत्र | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ११.२. दुर्व्यसनमा परेकाहरुको पुनर्स्थापनाका लागि सञ्चालनमा रहेका सुधार गृहहरुलाई स्वीकृत मापदण्ड पालना गर्ने, सुधार गृह नभएका स्थानमा नयाँ स्थापना गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने, सञ्चालित सुधार गृहहरुले तोकिएको मापदण्ड भित्र सञ्चालित भए/नभएको नियमित अनुगमन तथा निरीक्षण गर्ने।<br>११.३. लागू औषध दुर्व्यसन र यसको अवैध कारोवार रोकथाम तथा नियन्त्रणलाई हरेक महिनाको जिल्ला सुरक्षा समिति र कार्यालय प्रमुखको वैठकमा एजेण्डा वनाई नियन्त्रणका कार्य गर्ने। | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय सबै | | | |
| १२ | उपभोक्ता हित संरक्षण र कालो बजारी नियन्त्रण | १२.१. अत्यावश्यक सेवाहरु(सडक, सञ्चार, विद्युत, खानेपानी, स्वास्थ्य, उपचार, रक्तसञ्चार सेवा, सार्वजनिक यातायात, दमकल, एम्बुलेन्स) मा कहिल्यै सेवा अवरुद्ध नहुने गरी सुनिश्चित गर्न निरन्तर समन्वय गर्ने, सेवा अवरुद्ध गर्ने विरुद्ध तत्काल कडा कारवाही गर्ने।<br>१२.२. जिल्लाभित्र वस्तु तथा सेवाको अभाव हुन नदिन आपूर्ति प्रणाली, भण्डारणको अवस्थाको लेखाजोखा गर्ने, आपूर्ति प्रणालीमा अवरोध हुन नदिन आवश्यक व्यवस्था मिलाउने, नियमित आपूर्ति सुनिश्चित गर्न, कालोवजारी रोक्न र उपभोक्ता ठगिने अवस्थाको अन्त्य गर्न नियमित रुपमा अनुगमन गर्ने। | सम्बन्धित सबै निकायहरु<br><br>स्थानीय तह र घरेलु तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर<br><br>जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर | | |
| १३ | विपद व्यवस्थापन पूर्व तयारी | १३.१. विपद् व्यवस्थापन समितिको वैठक नियमित रुपमा आयोजना गर्ने, जिल्ला विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाउने।<br>१३.२. विपद्का कारणले कुनैपनि नागरिकले ज्यान गुमाउन नपर्नेअवस्था सृजना गर्न मानवीय कारणले आउन सक्ने विपद्को न्यूनीकरणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्य गर्ने।<br>१४.३. जिल्लामा विपद्को समयमा तत्काल उद्धार तथा राहतका लागि आवश्यक पर्ने सामग्री उपलब्ध छ/छैन एकिन गरी त्यस्ता सामग्रीको अभाव हुन नदिन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका लागि विपद्को क्षेत्रमा काम गर्ने संघ/संस्थासँग सहकार्य गरी आवश्यक व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय र विपद् व्यवस्थापन समितिका सबै निकायहरु | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | विदेशी नागरिकको आगमन | १४.१. विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५ मा व्यवस्था भए अनुसार जिल्ला अनुगमन समितको बैठक नियमित रुपमा आयोजना गर्ने।<br>१४.२. जिल्ला भित्र विदेशी नागरिकहरुको गैर कानूनी उपस्थिति नभएको र गैरकानूनी गतिविधि नगरेको सुनिश्चित हुने सूचना संकलन अभिलेख व्यवस्थापन र नियमन गर्ने।<br>१४.३. जिल्लाभित्र ६ महिना भन्दा बढी अवधिसम्म बस्ने विदेशी नागरिकको तथ्याङ्क संकलन गरी तिनका गतिविधि माथि नियमित निगरानी राख्ने र नियमन गर्ने। | जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय सबै | स्थानीय तह | | |
| १५ | अनुगमन तथा प्रतिवेदन | १५.१..जिल्लाभित्रका सबै कार्यालयहरुको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन गर्ने।<br>१५.२. मन्त्रालयमा गर्नु पर्ने दैनिक प्रतिवेदनलाई प्रभावकारी बनाउने।<br>१५.३. जिल्लाभित्र घटेका संवेशनशिल प्रकृतिका घटनाहरुको छानविन गरी प्रार्थमिकताका साथ कारवाहीको लागि पठाउने।<br>१५.४. कारागारका विषयका सम्बन्धमा नियमित प्रतिवेदन गर्ने। | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सबै सरकारी कार्यालयहरु | | |
| १६ | कारागार व्यवस्थापन | १६.१.कारागार कार्यालयको नियमित अनुगमन गर्ने र सुरक्षा प्रबन्ध र कारागारभित्र न्यूनतम मानवअधिकार सुनिश्चित गर्ने।<br>१६.३. कारागारलाई सुधार गृहको रुपमा विकास गर्न कैदी बन्दीहरुको सीप विकास र विद्यमान सीपको प्रयोग गरेर कारागारभित्र उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने।<br>१६.४ कारागार कार्यालयको भवन निर्माण लगायतका पूर्वाधारसँग सम्बन्धित कार्यहरु अनुगमन/निरीक्षण गरी समयभित्र सम्पन्न गर्ने र आवश्यक सहयोगका लागि मन्त्रालयमा पठाउने। | जिल्ला प्रशासन कार्यालय र कारागार कार्यालय | सुरक्षा निकाय सबै | | |
| १७ | कसुर जन्य सम्पत्ति र साधनहरुको व्यवस्थापन | १७.१ अनुसन्धान अधिकारीहरुबाट रोक्का तथा नियन्त्रण लिइएका कसूरजन्य सम्पत्ति तथा साधनहरुको केन्द्रीय अभिलेखन प्रणालीका लागि विभागमा प्रतिवेदन पठाउने। | जिल्ला प्रशासन कार्यालय/जिल्ला सरकारी वकिल कार्यालय/कोष | जिल्ला अदालत/स्थानीय तह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १७.२. अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहर भएका दशी प्रमाणका रुपमा अदालतमा पेश भएका कसूरजन्य सम्पत्ति तथा साधनहरु अदालतबाट लिलाम बिक्रीका लागि आदेश भएमा लिलाम बिक्री गरी धरौटी खाता वा कसूरजन्य सम्पत्ति व्ययवस्थापन कोषमा रकम जम्मा गर्न लगाउने। | तथा लेखा नियन्त्रण कार्यालय | | | |
| १८ | विविध | १८.१. अदालतहरुबाट निरीक्षणका क्रममा दिइएका निर्देशनहरु र फैसलाका आदेशहरुको पालना गर्ने।<br>१८.२. प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरु समयमा फछ्यौट गर्ने।<br>१८.३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका नियमकारी निकायहरुबाट भएका पत्राचारहरुको समयमै कार्यान्वयन र आदेशको पालना गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला अदालत/उच्च अदालत/ संबैधानिक आयोग/नियामक निकायहरु | | |

## अनुसूची-२

नयाँ नागरिकता, नाबालक परिचयपत्र, प्रतिलिपि र राहदानी प्राप्तीका लागि आवश्यक कागजातहरु

| क्र.स. | सेवाको विवरण | आवश्यक कागजातहरु/प्रमाणहरु | कै. |
|---|---|---|---|
| १.१ | वंशजको आधारमा नेपाली नागरिकता | **सम्बन्धित जिल्लाको निवेदक भएको हकमा**<br>१. वडा अध्यक्षको सिफारिस सहितको अनुसूची- १ को फारम<br>२. बाबु र आमाको नागरिकता, विवाहित महिला भए पतिको नागरिकताको सक्कल र प्रतिलिपि, सो नभए दाजु वा वंशज खुल्ने तीन पुस्ता भित्रको नातेदारको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित प्रमाणपत्र<br>३. बाबु, आमा वा नागरिकता भिड्ने व्यक्तिबाट सनाखत, सो नभए दाजु वा भाइ वा तीनपुस्ताभित्रको नजिकको अभिभावकसँगको नाता प्रमाणित सहित सनाखत<br>४. उक्त प्रमाण पेश हुन नसकेमा वंशज खुल्ने अन्य प्रमाणहरु<br>५. फोटो ३ प्रति (कर्मचारी परिवार भएमा ४ प्रति)<br>६. जन्मदर्ता, जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र तथा नाबालिक परिचयपत्र लिएको भएमा सो समेत<br>७. विवाह भएको भएमा विवाहदर्ता सक्कल र प्रतिलिपि<br>**अन्य जिल्लाबाट बसाईसराई भई आएको भएमा**<br>१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराई प्रमाणपत्र सक्कल र प्रतिलिपि<br>२. सक्कल जग्गाधनी प्रमाणपूर्जा वा घर निर्माण सम्पन्न प्रमाणपत्र<br>३. घरको नक्सापास प्रमाणपत्र वा सक्कल एकीकृत सम्पतिकर तिरेको प्रमाण<br>४ बसाई सरी आएको जिल्लाबाट बाबु, आमा वा सनाखत गर्ने व्यक्तिको नागरिकताको अभिलेख माग गरी सम्बन्धित जिल्लाबाट सो को भिडेको अभिलेख प्राप्त हुनु पर्नेछ ।<br>५ आवश्यकता अनुसार स्थलगत सर्जमिन । | |
| १.२ | वैवाहिक अंगीकृत नागरिकता (महिलाको लागि) | १. वडा अध्यक्षको सिफारिस सहितको अनूसुची- ७ को फारम<br>२. पतिको नागरिकता सक्कल तथा प्रतिलिपि<br>३. विवाहदर्ता प्रमाणपत्र सक्कल तथा प्रतिलिपि<br>४. विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण<br>५. पतिको सनाखत, पति नभएमा पतिको नाता भिड्ने नजिकको नातेदारको सनाखत<br>६. अटो साइजको फोटो ३ प्रति (कर्मचारी परिवारको भएमा ४ प्रति)<br>७. भिसा लाग्ने देशको महिला भए नेपाल आएको देखिने राहदानी सहित मान्य अवधिको भिसा | |
| १.३ | कर्मचारी परिवारको नागरिकता | १. जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, सरकारी संस्थान, विश्वविद्यालयमा वा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकका परिवार भएमा सम्बन्धित निकायको सिफारिस पत्र र कर्मचारी परिचयपत्रको फोटोकपी<br>२. स्थानीय तहको सिफारिस सहित वंशजको हकमा अनुसूची-१ र वैवाहिक अंगीकृतको हकमा अनुसूची-७ को फारम<br>३. अटो साइजको फोटो ३ प्रति (वंशज), ४ प्रति (वैवाहिक अंगीकृतका लागि)<br>४. पिता/पति वा नजिकको नातेदारको ना.प्र. सहितको सनाखत<br>५. जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र, जन्मदर्ता, नाबालिक परिचयपत्र<br>६. विवाहित महिला भए विवाहदर्ता प्रमाणपत्र र पतिको नागरिकता प्रमाणपत्र । | |

| | | | |
|---|---|---|---|
| १.४ | अंगीकृत नागरिकता | १. वडा अध्यक्षको सिफारिस सहितको अनुसूची-७ को फारम<br>२. स्थानीय तहले नेपालमा जन्म भई नेपालमा स्थायी रुपमा बसोबास भएको भन्ने व्यहोराको सिफारिस<br>३. बाबु र आमाको राष्ट्रियता खुल्ने प्रमाण<br>४. बाबुको नागरिकताको आधारमा सम्बन्धित देशबाट नागरिकको सुविधा नलिएको व्यहोरा खुल्ने सम्बन्धित देशको नागरिकता जारी गर्ने निकायबाट जारी भएको प्रमाण | |
| १.५ | गैर आवासीय नेपाली नागरिकता | १. अनसूची-८ ग बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,<br>२. निवेदकको नाता खुलेको तीन पुस्ताभित्रको व्यक्तिको नागरिकता प्रमाणपत्र,<br>३. नेपालको नागरिकता त्याग गरेको प्रमाण,<br>४. विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,<br>५. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको प्रमाण,<br>६. हाल नागरिक रहेको मुलुकबाट लिएको नागरिकता/राहदानीको सक्कल प्रतिलिपि,<br>७. अनुसूची-८ घ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची-८ च बमोजिमको शपथ,<br>८. प्रहरीको स्थलगत सर्जमिन मुतुल्का, | |
| १.६ | नाबालिक परिचयपत्र तथा प्रतिलिपि | क) ललितपुर जिल्लाको हकमा<br>१. तोकिएको ढाँचामा स्थानीय तहको सिफारिस<br>२. बाबु र आमाको नागरिकताको सक्कल र फोटोकपी<br>३. आमा र बाबुको विवाहदर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि<br>४. नाबालकको जन्मदर्ता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र सक्कल र फोटोकपी<br>५. पासपोर्ट साइजको हालसालै खिचेको फोटो ३ प्रति (सिफारिसमा ढाँस भए अनुसारको प्रमाणित फोटो)<br>ख) अन्य जिल्लाबाट बसाईसराई गरी आएको भए थप अनिवार्य पेश गर्नुपर्ने कागजातहरु<br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. बसाईसराई दर्ता प्रमाणपत्र सक्कल तथा फोटोकपी<br>३. जग्गाधनी दर्ता प्रमाणपत्र सक्कल तथा फोटोकपी<br>ग) विदेशमा जन्म भएका नाबालकहरुको हकमा आवश्यक पर्ने कागजातहरु<br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. नेपाल बाहिर जन्मस्थान हुने हकमा अस्पतालको Birth Certificate<br>३. नेपाल आउदा प्रयोग भएको बच्चाको One Way Travel Document वा राहदानी (सो मा लागेको अध्यागमन कार्यालय नेपालको छाप सहितको ।)<br>४. बच्चा लिएर आउने बाबुआमाको राहदानी (सो मा लागेको अध्यागमन कार्यालय नेपालको छाप सहितको ।)<br>घ) कर्मचारी परिवारको हकमा थप कागजात<br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. कर्मचारी कार्यरत कार्यालयको सिफारिश पत्र र कर्मचारीको परिचयपत्रको फोटोकपी<br>नोट- माथि उल्लिखित सम्पूर्ण कार्यहरुमा बाबु/आमाको अन्य जिल्लाको नागरिकता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भै आएको नागरिकता प्रमाणपत्रको अभिलेख अनिवार्य रुपमा बुझिनेछ । | |

## अनुसूची-३
## विद्युतीय राहदानी प्राप्तीका लागि आवश्यक कागजात

| | | | |
|---|---|---|---|
| १.१ | साधारण विद्युतीय राहदानी (Normal ePassport) | निवेदकको नागरिकता प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको हकमा<br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फारम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नाबालिकको हकमा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी गरिएको नाबालिग परिचयपत्र र निजको बाबु वा आमामध्ये कुनै एक जनाको सक्कल नागरिकता, आमा र बाबुको विवाहदर्ता, बच्चाको जन्मदर्ता। संरक्षक नियुक्त भएकोमा संरक्षक भएको व्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकता सक्कल (नागरिकताको अभिलेख भिडेको हुनुपर्ने)<br>४. पहिले राहदानी लिएको भए सोको सक्कल<br>५. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>६. राहदानी दस्तुर रु ५०००।- तिरेको रसिद र १० वर्ष मुनिका नाबालिगको हकमा रु २५००।-(राहदानी हराएको/च्यातिएको वा कुनै किसिमले बिग्रेको भएमा दोब्बर दस्तुर लाग्नेछ।)<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-matric) दिएको हुनुपर्नेछ।<br><u>अन्यत्र जिल्लाबाट नागरिकता प्रमाणपत्र बसाईसरी ललितपुर जिल्लामा आउनेको हकमा</u><br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फारम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>४. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराई दर्ता प्रमाणपत्र<br>५. घर, जग्गा धनी प्रमाण वा घर निर्माण सम्पन्न वा एकीकृत कर तिरेको सक्कल<br>६. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ<br>७. अन्य जिल्लाबाट नाबालिक परिचयपत्रपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट सोको अभिलेख बुझिनेछ।<br>८. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-matric) दिएको हुनुपर्नेछ।<br><u>अन्यत्र जिल्लाबाट नागरिकता लिएर विवाह गरी ललितपुर जिल्लामा आउनेको हकमा।</u><br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फारम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नागरिकता प्राप्त व्यक्तिको राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>४. विवाहदर्ता प्रमाणपत्र<br>५. पतिको नागरिकता प्रमाणपत्र प्रतिलिपि<br>६. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ।<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-matric) दिएको हुनुपर्नेछ।<br><u>ललितपुर जिल्लास्थित सरकारी निकायमा कार्यरत कर्मचारीको र कर्मचारी परिवारको हकमा</u><br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फारम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. सम्बन्धित कार्यालयको सिफारिस पत्र<br>४. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ | |

| | | | |
|---|---|---|---|
| | | ५. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण। (नाबालिकको हकमा राष्ट्रियपरिचयपत्र नहुने)<br>६. अन्य जिल्लाबाट नाबालिक परिचयपत्रपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट सोको अभिलेख बुझिनेछ।<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-matric) दिएको हुनुपर्नेछ। | |
| १.८ | हराएको राहदानी पुन: प्राप्ति सम्बन्धी | १. साधारण राहदानीको लागि ३.१ मा उल्लिखित कागजातहरु<br>२. साबिकको राहदानीको प्रतिलिपि<br>३. विदेशमा राहदानी हराएको हकमा ट्राभल डकुमेन्ट | |

## अनुसूची-४

राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिदा आवश्यक कागजातहरु

| क्र.स. | सेवाको विवरण | आवश्यक कागजातहरु/प्रमाणहरु | कैफियत |
|---|---|---|---|
| १.१ | राष्ट्रिय परिचयपत्र | राष्ट्रिय परिचयपत्रको वायोम्याट्रिकको लागि<br>१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र (अनिवार्य)<br>२. नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र<br>३. बसाईसराई गरेको हकमा सोको सक्कल प्रमाणपत्र<br>४. विवाहितको हकमा नागरिकतामा पति वा पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ताको प्रमाणपत्र (सक्कल) वा अन्य नाता खुल्ने प्रमाण<br>५. राहदानी लिएकाको हकमा सक्कल राहदानी (सम्भव भएसम्म)<br>**राष्ट्रिय परिचयपत्रको कार्ड संकलनको लागि**<br>६. स्वयम व्यक्ति सक्कल नागरिकता र वैयक्तिक विवरण दिदा प्राप्त गरेको NIN नम्वर भएको कागजात साहित उपस्थित हुने पर्ने । | |

## अनुसूची-५

## संस्था दर्ता/स्थानान्तरण/शाखा बिस्तार र नविकरणका लागि आवश्यक कागजात

| क्र.स. | सेवाको विवरण | आवश्यक कागजातहरु/प्रमाणहरु | कैफियत |
|---|---|---|---|
| १.१ | संस्था दर्ता | १. संस्था दर्ताको लागि जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तदर्थ समितिका पदाधिकारी र सदस्यहरुको संयुक्त निवेदन<br>२. स्थानीय तहको सिफारिस पत्र<br>३. तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले नेपाली कागजको प्रत्येक पानामा तलमाथि दस्तखत गरेको विधान ३ प्रति (नेपाली कागजमा)<br>४. संस्था स्थापनाका लागि निम्न कुराहरु खोलिएको भेलाको निर्णय,<br>● सर्वसम्मतले तदर्थ समितिका पदाधिकारी र सदस्यको चयन गरिएको<br>● सर्वसम्मतले संस्थाको नाम र ठेगाना छनौट गरिएको<br>● विधान बनाउने विषय (विधान मस्यौदा उपसमितिको गठन)<br>● जिल्ला प्रशासन कार्यालय ललितपुरमा संस्था दर्ता गर्ने निर्णय<br>● तदर्थ समितिले विधान पारित गरी स्वीकृतिका लागि स्थानीय अधिकारी समक्ष पेश गर्ने भनी गरेको निर्णयका साथै संस्था दर्ताका लागि पदाधिकारीहरुलाई अख्तियारनामा दिएको निर्णय।<br>५. तदर्थ समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति<br>६. संस्थाका तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. र फोटो सहितको नामावली<br>७. संस्थाका पदाधिकारीहरुको चालचलन बुझेको प्रहरी प्रतिवेदन<br>८. तदर्थ समितिका पदाधिकारी र सदस्यहरु सक्कल नागरिकता सहित सनाखतका बखत उपस्थित हुनुपर्ने<br>९ संस्थाको नाम र उदेश्यको विषयमा सम्बन्धित मन्त्रालय, विभाग र निकायको राय प्रतिक्रिया लिनुपर्ने भएमा सोको सिफारिस<br>१०. व्यापार व्यावसाय सञ्चालन गरेका व्यवसायीहरुको संस्था भएमा संस्थाका पदाधिकारीहरुले सञ्चालन गरेको व्यवसाय इजाजत/ अनुमति लिनुपर्ने प्रकृतिको भए त्यस्तो इजाजत पत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्र प्रतिलिपि समेत पेश गर्नु पर्नेछ। | |
| १.२ | संस्था नवीकरण | १. नविकरणका लागि जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तोकिएको ढाँचाको निवेदन<br>२. विधानसम्मत साधारणसभाले चालु आ.व.को लागि लेखा परीक्षक नियुक्ति, सम्बन्धित आ.व.को लेखा परीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन र कार्य समिति छनौट गरेको निर्णयको माइन्युटको अध्यक्ष/सचिवले प्रमाणित गरेको प्रतिलिपि<br>३. सम्बन्धित आ.व.को लेखा परीक्षण प्रतिवेदन<br>४. सम्बन्धित आ.व. को लागि करदाता सेवा कार्यालयको सिफारिस<br>५. सम्बन्धित आ.व.मा नवीकरणको लागि सम्बन्धित स्थानीय तह (नगरपालिका/महानागरपालिका) को सिफारिस<br>६. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र<br>७. जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेको संस्थाको विधानको प्रतिलिपि<br>८. संस्थाको प्रमाणपत्र फोटोकपी<br>९. संस्थाको लेटरप्याडमा वर्तमान कार्यसमितिको प्रमाणित नामावली | |

| | | | |
|---|---|---|---|
| | | १० कुल साधारण सदस्य संख्या खुलाएको नामावली सहितको प्रमाणित विवरण र साधारणसभा/विशेष साधारण सभामा उपस्थितिको संख्या विवरण<br>११ सम्बन्धित आ.व.को वार्षिक कार्यप्रगति विवरण<br>१२. वालगृह सञ्चालन सम्बन्धी संस्था भएमा सशुल्क वा नि:शुल्क सञ्चालन गरेको खुल्ने गरी स्थलगत अनुगमन सहितको प्रमाणित प्रतिवेदन समेत खुलेको सम्बन्धित स्थानीय तह (नगरपालिका/महानगरपालिका) को सिफारिस<br>१३ लेखापरीक्षकको प्रमाणपत्र, पान (PAN) दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रमाणपत्र (नवीकरण समेत देखिने गरी), कर चुक्ताको प्रमाणपत्र समेत<br>१४ वैदेशिक सहयोग (नगदी/जिन्सी) बाट आयोजना तथा कार्यक्रम सञ्चालन गरेको भए समाज कल्याण परिषदको कार्यक्रम स्वीकृत पत्र, समाज कल्याण परिषदको अनुगमन प्रतिवेदन र कार्यक्रम सञ्चालन भएको स्थानीय तह (गा.पा/न.पा.) बाट कार्यक्रम सम्पन्न/भइरहेको सिफारिस पत्र<br>१५. व्यापार/व्यावसाय सञ्चालन गरेका व्यावसायीहरुको संस्था भएमा संस्थाका पदाधिकारीहरुले सञ्चालन गरेको व्यावसाय इजाजत/ अनुमति लिनुपर्ने प्रकृतिको भए त्यस्तो इजाजत पत्रको प्रतिलिपि र करचुक्ता प्रतिलिपि समेत पेश गर्नु पर्नेछ। | |
| १.३ | संस्थाको विधान संसोधन | १. रीत पूर्वकको निवेदन<br>२. तीन महले विधान- ३ प्रति<br>३. नवीकरण भएको संस्थाको प्रमाणपत्र र सोको प्रतिलिपि<br>४. संसोधन गर्ने प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई (२/३) साधारण सभा सदस्यहरुले पारित गरेको प्रमाणित निर्णय प्रति<br>५. जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेको संस्थाको विधानको प्रमाणित प्रतिलिपि<br>*नोट- तीन महलेको शुरु पानाको माथि दस्तखत नगरि तलबाट दस्तखत गरी बाँकी पानाको माथि कार्यसमितिका सदस्यले दस्तखत गर्ने।* | |
| १.४ | जिल्लामा संस्थाको शाखा खोल्ने | १. रीत पूर्वकको निवेदन<br>२. संस्थाको कार्यसमितिको निर्णय<br>३. विधानको प्रतिलिपि र दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण देखिने)<br>४. सम्बन्धित नगरपालिकाको सिफारिस | |
| १.५ | पत्रपत्रिका दर्ता सम्बन्धी | क. प्रकाशन बारे<br>१. जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तोकिएको ढाँचाको निवेदन<br>२. प्रकाशकको ४ प्रति फोटो र नागरिकताको फोटोकपी<br>३. प्रकाशक संस्था भए संस्थाको छाप, प्रबन्ध पत्र वा संस्थाको स्वीकृत विधान प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, अडिट रिपोर्ट, संचालकहरुको बैठकको निर्णय समेताक कागजातहरुको प्रमाणित प्रतिलिपि<br>४. संचालकहरु सबैको नागरिकताको फोटोकपीहरु<br>५. प्रहरी चालचलन<br>ख. सम्पादक बारे<br>१. सम्पादकको नागरिकताको प्रमाणपत्र फोटोकपी<br>२. सम्पादकहरुको शैक्षिक योग्यताको एस.एल.सी. देखि स्नातक सम्मको मार्कसिट, चारित्रिक प्रमाणपत्र र प्रोभिजनल सर्टिफिकेटका फोटोकपीहरु वा एस.एल.सी. उतीर्ण गरी पत्रकारितामा १० (दश) वर्ष कार्य गरेको सूचना विभागको प्रमाणपत्र समेतका प्रमाणपत्रहरुको फोटोकपीहरु | |

| | | | |
|---|---|---|---|
| | | ३. सम्पादकलाई प्रकाशकले नियुक्ति गरेको पत्र<br>४. पत्रिकामा सम्पादक पदमा रही काम गर्ने बारेको सम्पादकको मंजुरीनामा<br>५. प्रहरी चालचलन | |
| १.६ | छापाखान सञ्चालन | १. स्वीकृत छापाखानाबाट पत्रिका छाप्न मंजुरी दिएको सिफारिस<br>२. छापाखान दर्ता भएको प्रमाणपत्रको फोटोकपी<br>३. छापाखानाको प्रबन्ध पत्रको फोटोकपी<br>४. छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति दिएको प्रमाणपत्रको फोटोकपी<br>५. छापाखानाले कर तिरेको कर चुक्ता प्रमाणपत्र । | |

अनुसूची- ६

**विगतमा घटेका विपद्जन्य घटना/गतिविधि र जोखिमका आधारमा  विपद्संकट संवेदनशिलताः/**

१. **महामारीका आधारमाः**

स्वास्थ्य, संकटसंक्रमणलाई मुख्य आधार बनाईएको छ।जसमा वस्तीको अवस्थिति/, जनसंख्याखिक वितरण, वाटोघाटो, भवन संख्या र भेला तथा जम्मा हुने स्थानहरुका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ।

| सिनं. | अति संवेदनशील | संवेदनशील | सामान्य | कै. |
|---|---|---|---|---|
| १. | लपुमनपाका सम्पूर्ण वडाहरु | महालक्ष्मी नपा ६ सिद्धिपुर | महालक्ष्मी नपा ७ टिकाथली | |
| २. | महालक्ष्मी नपा १, २, ३ इमाडोल | महालक्ष्मी नपा ८ लुभु | महालक्ष्मी नपा ९, १० लामाटार | |
| ३. | गोदावरी नपा ६ टिकाभैरव | गोदावरी नपा ११ चापागाउँ | गोदावरी नपा १ गोदामचौर | |
| ४. | गोदावरी नपा ३ गोदावरी | गोदावरी नपा १२ ठेचो | गोदावरी नपा बडिखेल | |
| ५. | बागमती गापा ४ प्युटार | गोदावरी नपा १३ झरुवारासी | गोदावरी नपा ७ देविचौर | |
| ६. | | गोदावरी नपा १४ ठैव | गोदावरी नपा ८ डुकुछाप | |
| ७. | | बागमती गापा ३ भट्टेडाँडा | बागमती गापा १ घुसेल | |
| ८. | - | बागमती गापा ७ गिम्दी | बागमती गापा ५ ईकुडोल | |
| ९. | - | कोन्ज्योसोम गापा १ चौघरे | कोन्ज्योसोम गापा २ शंखु | |
| १०. | - | महाङ्काल गापा ५ चन्दनपुर | कोन्ज्योसोम गापा ५ दलचौकी | |
| ११. | - | महाङ्काल गापा ३ गोटिखेल | महाङ्काल गापा १ बुखेल | |
| १२. | - | कोन्ज्योसोम गापा ४ नल्लु | महाङ्काल गापा ४ कालेश्वर | |
| १३. | | | अन्य सबै वडाहरु | |

२. **विपद्का आधारमाः**

क) भुकम्पको आधारमा (सामान्य ,संवेदनशील ,संवेदनशील अति)

भौगोलिक अवस्थिति, वस्तीको प्रकार, विगतको घटनाको प्रकृति, जीवीको पार्जनको साधन, भवन संख्या र संरचनागत क्षमताका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ।

| **सिनं.** | **अति संवेदनशील** | **संवेदनशील** | **सामान्य** | **कै.** |
|---|---|---|---|---|
| १. | लपुमनपाका सबै वडाहरु | महालक्ष्मी नपा ४,५,७,८,९,१० | - | |
| २. | गोदावरी नपा १०,११ चापागाउँ | गोदावरी नपा १,२,३,४,५,६ ,७,८,९,१० | - | |
| ३. | गोदावरी नपा १२ ठेचो | बागमती गापा १,२,४,५ | - | |
| ४. | गोदावरी नपा १४ ठैव | महाङ्काल गापा १,२,४ | - | |
| ५. | महालक्ष्मी नपा १, २, ३ इमाडोल | कोन्ज्योसोम गापा १,४,५ | - | |
| ६. | महालक्ष्मी नपा ६ सिद्धिपुर | - | - | |
| ७. | बागमती गापा ३,६,७ | - | - | |
| ८. | महाङ्काल गापा ३,५,६ | - | - | |
| ९. | कोन्ज्योसोम गापा २,३ | - | - | |

ख) बाढी तथा डुवानको आधारमा (सामान्य ,संवेदनशील ,अति संवेदनशील)

सडक तथा खोला किनार, बस्तीको अवस्थिति र भौतिक संरचनाका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ।

| **सिनं.** | **अति संवेदनशील** | **संवेदनशील** | **सामान्य** | **कै.** |
|---|---|---|---|---|
| १. | लपुमनपा १० कुपण्डोल (बागमती नदी करिडोर) | लपुमनपा ४ नख्खु खोला करिडोर | अन्य सवै सामान्य | |
| २. | लपुमनपा २८ हरिसिद्धी कर्मनाशा खोला आसपासको क्षेत्र | महालक्ष्मी नपा ८ लुभु (गोदावरी खोला करिडोर) | - | |
| ३. | महालक्ष्मी नपा ५ टिकाथली (मनोहरा खोला करिडोर) | - | - | |

ग) आगलागीको आधारमा (सामान्य ,संवेदनशील ,अति संवेदनशील)

विगतका घटनाका आधारमा आगलागीमा शहरी तथा वनजंगलक्षेत्र बढी संवेदनशिल देखिएको छ। शहरी क्षेत्रमा मुख्यत अस्थायी टहरा, गार्मेट फ्याक्ट्री, पेट्रोलपम्प र कवाडी सामान भण्डारण गर्ने स्थानहरु बढी जोखिमयुक्त रहेका छन्।

| सिनं. | अति संवेदनशील | संवेदनशील | सामान्य | कै. |
|---|---|---|---|---|
| १. | लपुमनपा ५ पाटन औधोगिक क्षेत्र | लपुमनपा ५ मानभवन | लपुमनपा १,२,३,१३,१५, १८,२३,२४, | |
| २. | लपुमनपा १६ मंगलबजार इलाका | लपुमनपा २५ भैसेपाटी | गोदावरी नपा १,३,४,६, ७,८,९ | |
| ३. | लपुमनपा ८ बालकुमारी | लपुमनपा २२ बुङ्गमती | महालक्ष्मी नपा १,२,३, ४,५,६,७,९ | |
| ४. | गोदावरी नपा २ विशंखुनारायण जङ्गल | लपुमनपा २९ हरिसिद्धी | बागमती गापा १,२,५,६ | |
| ५. | गोदावरी नपा ५ लेले जङ्गल | गोदावरी नपा १०,११ चापागाउँ | कोन्ज्योसोम गापा १,२,४ | |
| ६. | महालक्ष्मी नपा १० विशाल डाँडा | महालक्ष्मी नपा ८ लुभु | महाङ्काल गापा १,२,३,५ | |
| ७. | बागमती गापा ४ प्युटार | बागमती गापा ३ भट्टेडाँडा | - | |
| ८. | कोन्ज्योसोम गापा ३ दलचौकी | कोन्ज्योसोम गापा ५ भारदेउ | - | |
| ९. | महाङ्काल गापा ६ ठुला दुर्लुङ्ग | महाङ्काल गापा ४ कालेश्वर | - | |

घ) पहिरोको आधारमा

विगतको घटना, भौगोलिक अवस्थिति, खोला तथा सडक किनार र उत्खनन गतिविधिका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ।

| सिनं. | अति संवेदनशील | संवेदनशील | सामान्य | कै. |
|---|---|---|---|---|
| १. | महाँकाल गापा. ४ कालेश्वर | लपुमनपा २४ धापाखेल | गोदावरी नपा ६ डुकुछाप | |
| २. | महाँकाल गापा ६ ठुलादुर्लुङ्ग | महालक्ष्मी नपा १० लामाटार | गोदावरी नपा ९ छम्पी | |

| | | | | |
|---|---|---|---|---|
| ३. | बागमती गापा ३ भट्टेडाँडा (कान्ति लोकपथ) | गोदावरी नपा १ गोदामचौर | कोन्ज्योसोम गापा ९ दलचोकी | |
| ४. | - | गोदावरी नपा ७ देविचौर | कोन्ज्योसोम गापा ४ नल्लु | |
| ५. | - | कोन्ज्योसोम गापा १ चौघरे | कोन्ज्योसोम गापा ५ भारदेउ | |
| ६. | - | कोन्ज्योसोम गापा २ शंखु | महाँकाल गापा १ बुखेल | |
| ७. | - | महाँकाल गापा २ गोटीखेल | महाँकाल गापा २ मानिखेल | |
| ८. | - | महाँकाल गापा ५ चन्दनपुर | बागमती गापा २ घुसेल | |
| ९. | - | बागमती गापा ६ आश्राङ्ग | बागमती गापा २ माल्टा | |
| १०. | - | - | बागमती गापा ४ प्युटार | |
| ११. | - | - | बागमती गापा ५ ईकुडोल | |
| १२. | - | - | बागमती गापा ७ गिम्दी | |
| १३. | | | अन्य सबै वडाहरु | |

**ङ) विपद्जन्य परिस्थितिमा उपयोग गर्न सकिने ललितपुर जिल्लामा तोकिएका खुलास्थानहरुः**

| सि.नं. | खुला क्षेत्र | ठेगाना | क्षेत्रफल |
|---|---|---|---|
| १ | एन्फा फुटवल ग्राण्ड-उत्तर | सातदोवाटो ललितपुर | १८२३८.२२ |
| २ | एन्फा फुटवल ग्राण्ड-दक्षिण | सातदोवाटो ललितपुर | ११४०५.२३ |
| ३ | जावलाखेल फुटवल ग्राण्ड | जावलाखेल ललितपुर | ७५०१.६९ |
| ४ | लगनखेल फुटवल ग्राण्ड | लगनखेल ललितपुर | ११२११.३० |
| ५ | लगनखेल स्तुपा | ललितपुर | १७७१७.५८ |
| ६ | ललितपुर महानगरपालिका अफिस एरिया | पुल्चोक ललितपुर | ६३५९.०१ |
| ७ | मदन स्मारक मा.वि. | पुल्चोक ललितपुर | ११३४५ |
| ८ | नेपाल एग्रीकल्चर रिसर्च सेन्टर-नार्क | खुमलटार ललितपुर | ४९३७०२.६० |
| ९ | पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस ब्लक-१ | पुल्चोक ललितपुर | २०५१६.२८ |

| | | | |
|---|---|---|---|
| १० | पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस ब्लक-२ | पुल्चोक ललितपुर | ८६४०६.८२ |
| ११ | चक्रपथ रिङ्गरोड बालकुमारी क्षेत्र-ग्वार्को | ललितपुर | ७८१६९.०३ |
| १२ | चक्रपथ रिङ्गरोड एकान्तकुना –बल्खु | ललितपुर | १६६८०४.६१ |

## अनुसूची-७
## लागू औषध नियन्त्रण कार्ययोजना २०८१।२०८२

| सि. नं. | सुधार गर्ने क्रियाकलापको विवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अपेक्षित नतिजा | जोखिम अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण एवम् नियमनको क्षेत्रमा कार्यरत निकायको नक्शांकन एवम् पहिचान गरी लगत तयार गर्ने | जिल्ला प्रहरी कार्यालय | अन्य सबै | २०८१ असोज मसान्तसम्म | मुख्य क्षेत्र पहिचान भै नक्शा तयार हुने | सूचना संकलनमा समस्या | |
| २ | लागूऔषध अपराध र मदिरा नियन्त्रण कार्यमा खटिएका निकायहरुलाई गैर कानूनी अपराध नियन्त्रणमा परिचालन गर्ने | जिल्ला प्रशासन कार्यालय | अन्य सबै | निरन्तर | परिचालन भएको | समन्वयमा कमी हुन सक्ने | |
| ४ | सरोकारवालासँग समन्वयात्मक बैठक गर्ने तथा सहकार्यको वातावरण सृजना गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी परिसर | अन्य सबै | निरन्तर | समन्वयात्मक वातावरण सृजना हुने | समन्वयमा कमी हुन सक्ने | |
| ५ | लागूऔषध तथा मदिराको कारण कुलतमा फसेका व्यक्तिहरुका लागि कुलतबाट छुटाउनका लागि तोकिएको मापदण्ड बमोजिमका सुधार गृह संचालन गर्न सहजिकरण गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | अन्य सबै | निरन्तर | मापदण्ड अनुसार सुधार गृहहरु संचालन भएको हुने | मापदण्डको पालनामा जोखिम | |
| ६ | आचारसंहिता र मापदण्ड निमार्ण गरी सुक्ष्म निगरानी र अनुगमन कार्यमा निरन्तरता दिइने | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी परिसर | अन्य सबै | निरन्तर | सकारात्म नजिजा | सकन्वयमा कमी | |
| ७ | लागूऔषध अपराधीको खोजतलास, अनुसन्धान र नियन्त्रणको विशेष कारवाहीको लागि सुरक्षा निकायको परिचालन गर्ने | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | अन्य सबै | निरन्तर | कार्यान्वियनमा मद्दत भएको | सुरक्षा कर्मीहरुको कमी | |
| ८ | घरेलु मदिरा नियन्त्रण तथा गाजाको ओसापसार नियन्त्रणको लागि विशेष अभियान संचालन गर्ने | जिल्ला प्रहरी परिसर | अन्य सबै | निरन्तर | दुर्व्यसनीको न्यूनीकरण हुने | बजेट तथा समन्वयमा समस्या | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | सामुदायिक प्रहरी कार्यक्रम मार्फत सडकनाटक, अन्तरक्रिया, अभिमुखिकरण, विद्यालय र क्याम्पस उमेरका बालबालिकाहरुलाई लक्षित गरी चेतनामूलक कार्यक्रम संचालन गर्ने। | जिल्ला प्रहरी कार्यालय तथा स्थानीय निकायहरु | अन्य सबै | निरन्तर | सचेतीकरण भएको अवस्था हुने | समन्वयमा कमी हुन सक्ने | |
| १० | गैर कानूनी क्रियाकलापका रुपमा पहिचान भएका मुद्दाहरुलाई कानूनी दायरामा ल्याई कारवाही गर्ने | जिल्ला प्रशासन कार्यालय/सरकारी वकील/जिल्ला प्रहरी परिसर | अन्य सबै | निरन्तर | गैर कानूनी क्रियाकलाप कानूनी दायरामा आएको हुने | मुद्दा मामिलालाई झंझटको रुपमा लिन सक्ने | |
| ११ | आत्महत्या जोखिम न्यूनीकरण गर्न उपचार केन्द्रमा सचेतनामुलक कार्यक्रम आयोजना गर्ने | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | जिल्ला जनस्वास्थ्यकार्यालय/गै.स.स./ स्थानीय निकाय | निरन्तर | सचेतीकरण भएको अवस्था हुने | बजेट तथा समन्वयको कमी हुन सक्ने | |
| १२ | मनोसामाजिक परामर्श र उपचार सम्बन्धी कार्य गर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर/ गै.स.स./ स्थानीय निकाय | निरन्तर | सचेतीकरण भएको अवस्था हुने | बजेट तथा समन्वयको कमी हुन सक्ने | |
| १३ | कारागार कार्यालयबाट लागू औषध मुद्दामा कैद भुक्तान भएका व्यक्तिहरुलाई सामाजिकरण गर्ने | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर/ गै.स.स./ स्थानीय निकाय | सरोकारवाला निकाय | निरन्तर | सचेतीकरण भएको अवस्था हुने | घर परिवार र समाजवाट सहयोगमा चुनौती | |
| १४ | उपचार तथा पुर्स्थापना केन्द्रबाट उपचार भई घर फर्केका व्यक्तिहरुलाई समाजिकीकरण गर्न सहयोग गर्ने। | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | सरोकारवाल निकाय | निरन्तर | सचेतीकरण भएको अवस्था हुने | घर परिवार र समाजवाट सहयोगमा चुनौती | |

## अनुसूची-८
## ललितपुर जिल्लाको वजार अनुगमन कार्ययोजना -२०८१।२०८२

| क्र.सं. | अनुगमनका क्षेत्र/मुख्य कार्यहरु | अनुगमनका मुख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **खाध्यवस्तु**<br>क. पानी<br>ख. दुध र दुध जन्य पदार्थ र मिठाई<br>ग. खानेतेल, अन्न र दाल<br>घ. औधोगिक प्रशोधित खानेकुरा | क. विभिन्न खाध्यवस्तु सम्वद्ध ऐन, नियम र निर्देशिकाको मापदण्डहरु पुगे नपुगेको चेकजाँच गर्ने,<br>ख. विभिन्न खाध्यवस्तुको लेवलिङ्ग म्याद तौल लगायतका हुनु पर्ने विषयहरु चेकजाँच गर्ने,<br>ग. पसलहरुमा मूल्यसूची राखे/नराखेको चेकजाँच गर्ने, | खाध्य प्रविधि तथा गुणस्तर विभाग/नापतौल तथा गुणस्तर कार्यालय/उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | निरन्तर खाध्य वस्तुको अनुगमन भएको हुनेछ। | खुद्रा व्यापार संघ, उद्योग वाणिज्य संघ र उपभोक्ता हित समितिहरुलाई सहभागी गराउन सकिने। |
| २ | **नाप तौल** | क. बजारका खुद्रा पसल, हाटबजार र सडक पसलमा राखिएका नाप तौलका उपकरणको चेकजाँच गर्ने,<br>ख. बजारका होलसेल पसलका नापतौलका उपकरण चेकजाँच गर्ने,<br>ग. निर्माण सामाग्री विक्री वितरण गर्ने होलसेल तथा खुद्रा पसलका नाप तौलका उपकरण चेकजाँच गर्ने। | गुणस्तर तथा नापतौल विभाग/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर/स्थानीय तह | निरन्तर नापतौलका सामाग्रीहरुको अनुगमन भएको हुनेछ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घ. होलसेल पसलमा राखिएका नाप तौल उल्लेख भएका सामानहरुको नाप तौल चेकजाँच गर्ने । | | | | |
| ३ | **पेट्रोलियम** | क. पेट्रोल पम्पहरुका नापको मिटर चेकजाँच गर्ने,<br>ख. ग्याँस डिलर र पेट्रोल पम्पहरुको सुरक्षा र अरु सुविधाको चेकजाँच गर्ने,<br>ग. पेट्रोलियम पदार्थमा मिसावटको चेकजाँच गर्ने,<br>घ. ग्याँस डिलरहरुमा रहेका शिलबन्दी भएका ग्याँस सिलिण्डरहरुको तौलको नापजाँच गर्ने । | नेपाल आयल निगम/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | निरन्तर इन्धन जन्य वस्तुको अनुगमन भएको हुनेछ । | नेपाल पेट्रोलियम डिलर्स एशोसियसनलाई सहभागी गराउन सकिने । |
| ४ | **जनस्वास्थ्य र औषधी जन्य पदार्थ** | क. सरकारी, सामुदायिक स्वास्थ्य संस्थाहरुको संचालन व्यवस्थापन शुल्क र गुणस्तर सम्बन्धी चेकजाँच गर्ने,<br>ख. अस्पताल जन्य फोहोरको व्यवस्थापन सम्बन्धी चेकजाँच गर्ने,<br>ग. औषधी पसलहरुको दर्ता नवीकरण इजाजत कर चुक्ता र औषधीको मुल्य सम्बन्धी चेकजाँच गर्ने,<br>घ. गैर कानूनी औषधीको विक्रिवितरण सम्बन्धी चेकजाँच गर्ने, | जनस्वास्थ्य कार्यालय/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | निरन्तर औषधी जन्य पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ । | औषधी व्यवसायी तथा अस्पताल संचालकहरुको प्रतिनिधित्व गराउन सकिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ङ. सरकारी सामुदायिक स्वास्थ्य संस्थाहरुको संचालन व्यवस्थापन शुल्क र गुणस्तर सम्बन्धी चेकजाँच गर्ने,<br>च. अस्पताल जन्य फोहोरको व्यवस्थापन सम्बन्धी चेकजाँच गर्ने,<br>छ. औषधी पसलहरुको दर्ता नवकिरण इजाजत कर चुक्ता र औषधीको मुल्य सम्बन्धी चेकजाँच गर्ने, | | | | |
| ५ | **पशु र मासुजन्य पदार्थ** | क. पशु क्वारेटाइन सम्बन्धी ऐन नियमका प्रावधानहरु चेकजाँच गर्ने,<br>ख. पशु सम्बन्धी विभिन्न मापदण्डहरु कार्यान्वयन भए/नभएको चेकजाँच गर्ने,<br>ग. मासु व्यापार सम्बन्धी ऐन नियमका मापदण्डहरु कार्यान्वयनभए/नभएको चेकजाँच गर्ने, | भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र/पुश क्वारेन्टाइन/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | महिनाको कम्तिमा एक पटक पशु र मासुजन्य पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ। | मासु व्यवसायीहरुलाई सहभागि गराउन सकिने। |
| ६ | **फलफुल र तरकारी जन्य पदार्थ** | क. कृषि क्वारेन्टाईन सम्बन्धी ऐन नियम र मापदण्डहरुको कार्यान्वयन र अनुशरणको चेकजाँच गर्ने,<br>ख. तरकारीमा विषादी प्रयोग सम्बन्धी मापदण्डको अनुशरणको चेकजाँच गर्ने। | कृषि विकास कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | | तरकारी उत्पादक संघ तथा फलफुल व्यवसायी संघलाई सहभागि गराउन सकिने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | **मदिरा र पेय पदार्थ** | क. मदिरा विक्रिवितरण निर्देशिकाका प्रावधानहरु अनुशरण भए/नभएको चेकजाँच गर्ने,<br>ख. पेय पदार्थ सम्बन्धी मापदण्ड लागु गरे/नगरेको चेकजाँच गर्ने। | आन्तरिक राजस्व कार्यालय/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | महिनाको कम्तीमा एक पटक मदिरा र पेय पदार्थ सम्बन्धी अनुगमन भएको हुनेछ। | |
| ८ | **शिक्षा**<br>**क. सामुदायिक विद्यालय**<br>**ख. संस्थागत विद्यालय**<br>**ग. शैक्षिक इन्टिच्युटहरु** | क. सामुदायिक विद्यालयहरुको गुणस्तर सम्बन्धी, शिक्षा ऐन नियमावलीको व्यवस्था कार्यान्वयनको चेकजाँच,<br>ख. संस्थागत विद्यालयका सम्बन्धमा शिक्षा ऐन नियमावलीमा व्यवस्था कार्यान्वयनको चेकजाँच,<br>ग. संस्थागत विद्यालयको शुल्क सम्बन्धी निरीक्षण,<br>घ. शैक्षिक इन्स्ष्यिटहरुको दर्ता नविकरण कर सम्बन्धी चेकजाँच। | शिक्षा विकास तथा समन्वय ईकाई/आन्तरिक राजस्व कार्यालय/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | आवश्यकता अनुसार शैक्षिक संस्थाहरुको अनुगमन भएको हुनेछ। | शिक्षक संगठन, अभिभावक, उपभोक्ता अधिकारकर्मी र संस्थागत विद्यालयहरुको प्रतिनिधित्व गराउन सकिने |
| ९ | **यातायात**<br>**क. यातायात कम्पनी**<br>**ख. यातायात पार्किङ**<br>**ग. यातायात व्यवस्थापन** | क. सवारी तथा यातायात व्यवस्था ऐन र नियमावलीको प्रावधानको अनुशरण भए/नभएको चेकजाँच गर्ने,<br>ख. वस पार्कहरुको संचालन र व्यवस्थापनको अवस्था,<br>ग. ट्राफिक प्रहरीबाट भएका काम कारवाहीको अनुगमन, | यातायात व्यवस्था कार्यालय/ उद्योग तथा वाणिज्य कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर | समय समयमा यातायात सम्बन्धी अनुगमन भएको हुनेछ। | यातायात कम्पनीहरुलाई सहभागी गराउन सकिने। अधिकारकर्मीहरुलाई सहभागी गराउन सकिने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घ. यात्रु ठगी र बढी भाडा सम्बन्धी चेकजाँच | | | | |
| १० | **होटल र रेष्टुरेन्ट** | क. सम्बन्धित मापदण्ड पुरा गरे नगरेको,<br>ख. दर्ता नविकरण र कर चुक्ता भए नभएको,<br>ग. सरसफाईको अवस्था | उद्योग तथा वाणिज्य कार्यालय/खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी परिसर/खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | | |
| ११ | **मनोरञ्जन फिल्महल गजल दोहोरी डान्सवार र क्यासिनो** | क. सम्बन्धित मापदण्डहरु पालना गरे/नगरेको चेकजाँच गर्ने | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय | उद्योग तथा वाणिज्य कार्यालय | आवश्यकता अनुसार फिल्महल/गजल दोहोरी/डान्सवार र क्यासिनो सम्बन्धी अनुगमन भएको हुनेछ। | |

द्रव्यः सवै क्षेत्रको अनुगमनमा जिल्ला वजार अनुगमन समितिका सवै पदाधिकारीहरुको क्रियाशीलता र सहभागिता अनिवार्य हुनेछ।